# अध्याय एक (CHAPTER ONE)

## १. परिचय (INTRODUCTION)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

सामान्यतया महिला सशक्तिकरण भन्नाले महिलाहरु राजनैतिक, आर्थिक, सामाजिक, कानुनी, व्यक्तिगत तथा समुहगत संस्थागत शैक्षिक रोजगारी स्वास्थ्य जमिन धनसम्पत्ति आदि क्षेत्रहरुमा समानता र समान संरक्षण महिला हिंसाको उन्मुलन सर्वाङ्गिण विकास र स्वतन्त्रता जस्ता पक्षहरुको अनुभव दिलाउन सक्नु हो भन्ने बुझिन्छ । जसबाट महिलाहरुले आफ्ना व्यक्तित्व विकास, निर्णय गर्न सक्ने क्षमतको विकास, आत्मियता एवम् आत्मविश्वास सामाजिक प्रतिष्ठा रोजगारीमा अग्रसर आय आर्जनमा अग्रसरता आफ्नो स्वास्थ्यको अधिकार आदि सेवा सुविधाहरुको उपयोग गर्न पाएमा पक्कै पनि उनीहरुको सर्वाङ्गिण विकास हुन्छ । यसले देशको आर्थिक विकासमा पनि प्रभाव पार्ने कुरामा दुईमत छैन (राष्ट्रिय महिला आयोग, २०६६) ।

भनिन्छ, आधा आकाश ओगट्ने वर्ग अरु कोही छ त तिनीहरु भनेका महिलाहरु हुन् । धर्तीभरि महिलाहरु छरिएका छन् । आ-आफ्नो देशको भौगोलिक बनावट, रहनसहन, धार्मिक, साँस्कृतिक स्थिति, शैक्षिक, आर्थिक तथा राजनीतिक अवस्था आदि सबैले प्रत्येक देशका महिलाहरु माथि विविध प्रभाव पारेको छ । अझ पनि अनेकन विकासात्मक गतिविधि र त्यसबाट प्राप्त हुने प्रतिफलको उपभोगको अवसरका हिसावले हेर्दा महिलाहरु निकै पछि परेको देखिन्छ । जसरी रथलाई गन्तव्य तर्फ लम्काउँन दुवै पाङ्ग्राहरुको उत्तिकै महत्व रहन्छ त्यसैगरी घरपरिवार, समाज र राष्ट्रको विकासात्मक गतिविधिलाई अगाडि बढाउन पुरुषका साथसाथै महिलाहरुको पनि उत्तिकै योगदान हुन्छ भन्ने आवाज जतातत‍ै घन्कदै आएको छ, यो यथार्थ पनि हो (केन्द्रिय तथ्याङ्क विभाग, २०७०) ।

महिला सशक्तिकरण यस्तो प्रक्रिया हो जसमा समाजका शक्ति, क्षमता, आत्मविश्वास तथा पहुँच नहुने महिलाहरुका लागि शिक्षा, चेतना र अधिकार, अवसरहरु प्रदान गरी क्षमता अभिवृद्धि गरिन्छ । विशेष गरी ग्रामीण विपन्न महिलाहरु विविध कारणहरुबाट विकासका अवसरबाट बञ्चित छन् र उनीहरुकालाई पछाडी पारिएको, अवसरहरु प्रदान गरी क्षमता

अभिवृद्धि गरिन्छ । विशेष गरी ग्रामीण विपन्न महिलाहरु विविध कारणहरुबाट विकासका अवसरबाट बञ्चित छन् र उनीहरुकालाई पछाडी पारिएको छ । उनीहरु क्षमतावान छन् तर आफ्नो अधिकार प्रयोग गर्न सकेका छैनन् । उनीहरुले आफ्नो प्रतिभा, ज्ञान र अनुभवलाई सही रुपमा प्रयोग गर्न पाएका छैनन् । यस्तो अशक्तता, बञ्चितिकरणको अवस्थालाई शिक्षा अधिकार र अवसरहर प्रदान गर्ने प्रक्रिया नै सशक्तिकरण हो । हाम्रो समाजका बहुसंख्यक ग्रामीण विपन्न महिलाहरुले अधिकार र अवसर प्राप्त गर्न नै सकेका छैनन भने कतिपयले अधिकार र अवसर प्रयोग गर्न पाएका छैनन्  महिलाहरुलाई अधिकार र अवसर प्रयोग गर्न सक्ने बनाउने समग्र प्रक्रियालाई महिला सशक्तिकरण भनिन्छ । यस्तो सशक्तिकरण अन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक, राजनैतिक र कानुनी सशक्तिकरण पर्दछन् । संक्षेपमा भन्ने हो भने समुदायमा महिलाहरुलाई प्रत्येक कार्य गराृउन सक्ने बनाउँन गरिने सबलीकरणका प्रक्रिया नै महिला सशक्तिकरण हो । महिला सशक्तिकरणबाट महिलाहरुको प्रजनन, उत्पादनशील र सामुदायिक भूमिकाको विश्लेषण गरी व्यवहारिक आवश्यकताको परिपुर्ति एवं रणनीति हित भई उनीहरुको अवस्था साथै स्तरमा समेत सुधार ल्याउन सकिन्छ (श्रेष्ठ, २०६८) ।

आर्थिक विकासको लामो प्रयासको वावजुद पनि विकासमा महिला सहभागिताको अपर्याप्ताका कारण मुलुकको समप्यित विकासका आधारहरु मजवुत हुन सकेका छैनन् । कुल जनशक्तिमा आधाभन्दा बढी अंश भएको महिला जनशक्ति विकासको मुलवाहक हुनसक्ने तड्कारो सम्भावना भए तापनि यस क्षेत्रको विकृति, समस्या आदिका कारण विकासमा सशक्त योगदान पुग्न सकेको छैन । जीवन निर्वाहको प्रमुख आधार हुनुको साथै कुल गार्हस्थ्य उत्पादनमा समेत ठोस योगदान पुऱ्याउँदै आएको कृषि क्षेत्रमा महिलाहरुको योगदान अग्रणी रहेको छ । साथै वन, उद्योग, व्यवसाय, सामाजिक संरचनामा समेत महिलको भूमिका मजवुत रहेको छ । महिलाको क्षमता, सहभागिता, योगदान उनीहरुको कमजोर अवस्थाका कारण आर्थिक विकासका क्षेत्रमा उनीहरुको सहभागिता प्रतिस्पर्धी स्तरिय, सबल र सक्षम हुन सकेको छैन । मुलुकको आर्थिक एवं सामाजिक विकासमा तदारुकता ल्याउँन विकास आयोजनाहरुको निर्माण, कार्यन्वयनमा महिला सहभागितालाई प्राथमिकता दिई आयोजनाहरुका उत्पादकत्व वृद्धि गर्ने तथा महिलाहरुलाई विकासको मुल प्रवाहमा समाहित गर्ने राष्ट्रिय नीति अवलम्बन गरिएको छ । तर यो नीति तथा कार्यक्रमको कार्यन्वयन पक्ष अपेक्षाकृत रुपमा प्रभावकारी हुन सकेको छैन (नेपाल राष्ट्र बैंक, २०६२) ।

वास्तवमा महिलालाई आर्थिक र सामाजिक दुर्बलताका कारणले नै उनीहरुलाई विभिन्न कुरीति र अन्धविश्वासका नाममा यातना दिई अगाडि बढ्न बाधा अड्चन पुऱ्याएको छ । राष्ट्रले विकासको योजना जति ल्याए पनि जर गाँडे र बसेका कुरीति र अन्धविश्वासको उपचार नगरेसम्म विकासको साथ-साथै महिलाको अवस्थामा सुधारोन्मुख विकास हुन सक्दैन । महिला आर्थिक, राजनीतिक र सामाजिक रुपमा सशक्त हुँदै गएमा यस्ता परम्परा उन्मुलन हुँदै जानेछन् । तसर्थ राज्यले महिला विरुद्ध हुने सबै प्रकारको हिंसा अन्त्य गर्ने तर्फ ऐन, कानुन, नीति निर्माणबाट मात्र नभई महिलाहरुलाई मूख्यतयः आर्थिक, राजनीतिक र सामाजिक रुपमा सबल बनाउन भरपर्दो व्यवहारिक योजना तर्जुमा गरी प्रभावकारी कार्यन्वयन तर्फ लैजानु जरुरी छ । नेपालमा विभिन्न कारणले गर्दा महिला सशक्तिकरण सम्बन्धी अध्ययन अनुसन्धान हुन सकेको छैन । महिला सशक्तिकरणले आर्थिक विकासमा पुऱ्याउने योगदान महत्वपूर्ण हुने भए तापनि यथार्थमा महिलाहरुको स्थिति भने नितान्त दयनिय र नाजुक रहेको राज्य, समाज, घरपरिवारद्वारा सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक र स्वतन्त्रताका क्षेत्रमा पहिलो दर्जाको चिन्तन र नेतृत्वका वकालत गरेपनि व्यवहार हेर्दा महिला अहिले पनि पछाडि नै परेका छन् (चौधरी, २०६७) ।

पुरुष प्रधान परिवारलाई नै पितृसत्तात्मक भनिन्छ । यसमा धर्मको धेरै ठूलो प्रभाव परेको भेटिन्छ । एशियाका प्रमुख धर्ममा परम्परागत रुपमा विकसित हुँदै आएको सनातन धर्म, बौद्ध धर्म, हिन्दु धर्म, क्रिश्चियन धर्म, मुश्लिम धर्म । यी सबै धर्मले कुनै न कुनै रुपमा पितृसत्तालाई समर्थन गर्दै आएका छन् । जापान र नेपाल दुवै देशमा पुरुष प्रभुत्व हैकमलाई ईश्वरको  इच्छा, आदेश र परम्पराका रुपमा स्वीकार गरेको पाइन्छ प्राचीन समाजमा स्त्री प्रभुत्व प्रचलनमा रहेपनि सामाजिक विकास क्रममा त्यसले कोल्टे फेरेर पुरुष प्रभुत्व बढ्दै गएको छ । हाम्रो जस्तो पितृसत्तात्मक समाजमा विशुद्ध गृहिणीले मुख खोलेको त्यति रुचाउँदैनन् । कुनै विषयमा आफ्नो राय व्यक्त गरेमा जान्ने भएकी लोग्ने मानिस हुँदाहुँदै पवाक्क बोल्ने भनेर आक्षेप लगाइन्छ । घर गृहस्थीको कुनै कुनै समयमा पतिपत्निका बीचमा बहस र छलफल हुँदा पत्नीले बोले त्यहाँ उपस्थित जनमानसले मुख हुँदाहुँदै नाकले खाने भन्ने राय पनि व्यक्त गर्दछन् । महिलाहरुको समस्याबारे छलफल गर्ने विषय धेरै छन् । महिलाहरुले घरबाहिर भोग्नुपरेका समस्या सँग-सँगै घर भित्र, कोठा भित्रै पनि थुप्रै चुनौतीहरुको सामना गर्नुपरेको छ । जसमध्ये घरेलु हिंसा पनि एउटा हो । घरेलु हिंसाको मुख्य कारण पितृसत्तात्मक पारिवारिक व्यवस्था हो । विश्वका अधिकांश देशहरुमा जस्तै

नेपालमा पनि प्राचीन समय देखि पितृसत्तात्मक व्यवस्था थियो । जेठो छोरो र पिता नै परिवारको प्रमुख हुने पितृसत्तात्मक व्यवस्था महत्वपूर्ण आर्थिक निर्णय र अरु निणर्यहरु प्रमुख सदस्यहरुले गर्दछन् । परिवार भित्रै महिलाले विविध हिंसा सहनु परेको मुख्य कारण सन्तानमा छोरा पछि मात्र छोरीको स्थान रहनुले नै हो । हाम्रो समाजमा विवाह गरेर छोरी घर पठाउँदा दाइजोको रुपमा नगद जिन्सी दिने प्रचलन रहेकाले थोरै नगद वा दाइजो ल्याउने महिलालाइ वचन लगाउने वा हातै हालेर कुट्ने र मार्ने समेत गरिन्छ । घरेलु हिंसाको मुख्य कारण दाइजो र छोराको जन्मसँग जोडिएको छ । दाइजो कम भयो भने मानसिक, शारीरिक यातना दिँदै जलाईदिने घटना थुप्रै भएका छन् । महिलाहरु विरुद्ध हुने हिंसा सम्बन्धी छापिएका समाचारले पत्रिका रंगिएका हुन्छन् । हरेक दिन महिला बेचबिखन, बलात्कार, बोक्सीको आरोपमा कुटपिट र दिशापिसाब खुवाइएका, देहव्यापार आदिमा लागेका र लगाइएका महिला विषयक समाचारको बाहुल्य देख्न सकिन्छ (पौड्याल, २०६७) ।

महिला सशक्तिकरणका लागि नेपालमा पनि विभिन्न प्रयासहरु भइरहेका छन् । महिला विरुद्धका सबै विभेद र हिंसाको अन्त गरी महिलाहरुको हक अधिकारको संरक्षण एवम् प्रबर्द्धनका लागि राज्यले अधिकारवादी अवधारणाको अवलम्बन गरी नीतिगत, कानुन र संस्थागत सुधारका साथै विकास कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । विभेदकारी कानुनहरुमा संशोधन गर्ने, महिला सहभागिता बढाई आय आर्जन तथा स्रोत साधन माथि महिलाहरुको पहुँच एवम् नियन्त्रणमा वृद्धि गर्ने प्रयत्न समेत हुँदै आएका छन् । आरक्षण, घरेलु प्रथा, परम्पराजन्य हिंसाहरुका विरुद्ध सचेतना, हिंसाबाट प्रभावित महिलाका लागि परामर्श तथा उपचार, कानुनी सहयोग द्वन्द्व समाधान तथा शान्ति स्थापनाको प्रक्रियामा महिलाहरुको सहभागिता, सीप तथा क्षमता विकासका कार्यक्रमहरु, लैङ्गिक उत्तरदायी बजेट प्रणाली लगायतका कार्यक्रमको कार्यन्वयनबाट पनि महिलाहरुको जीवनस्तर सुधारमा महत्वपूर्ण उपलब्धिहरु भएका छन् । विपन्न ग्रामीण महिलाका लागि वैकल्पिक अवसर सिर्जना गर्ने गरी सञ्चालित महिला विकास कार्यक्रम चालु आर्थिक वर्ष (२०६६/२०६७) को अन्तसम्ममा देशका ३०४३ गा. वि. स. मा विस्तार गर्ने कार्यक्रम रहेको थियो । यी उपलब्धिहरुका बाबजुद महिलाहरुको राजनीतिक, आर्थिक र सामाजिक सशक्तिकरणका प्रयासहरु फैलावट र गुणस्तरका दृष्टिले अपर्याप्त रहे तापनि महिला अधिकार प्रति बढ्दो सचेतना, संवैधानिक, कानुनी, संस्थागत तहमा भएका पहलहरु, लैङ्गिक बजेट प्रणाली कार्यन्वयन, महिला अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुको संख्यात्मक र गुणात्मक

क्षमतामा भएको बृद्धिले आगामी दिनमा यस क्षेत्रको विकासका लागि पर्याप्त सम्भावनाहरु प्रस्तुत गरेका छन् जसको परिणाम स्वरुप देशको आर्थिक विकासमा योगदान पुग्दछ ( राष्ट्रिय योजना आयोग, २०६७) ।

विश्वका महिलाहरु विभिन्न प्रकारका हिंसाबाट प्रभावित छन् । आर्थिक दृष्टिकोणले कमजोर र विकासको गतिमा पछि परेको नेपालमा सामन्ती पितृसत्तात्मक राज्यसंरचनाका अवशेषका कारण विभेद, असमानता सहँदै अगाडि बढिरहेका छन् । एक्काइसौँ शताब्दीमा आइपुग्दा पनि महिला बोक्सी, छाउपडी, दाइजो, बालविवाह जस्ता कुप्रथा एवम् कुसंकार सहन बाध्य छन् । विभिन्न समयमा भएको परिवर्तनले महिलालाई चेतना र अधिकारका बारेमा सचेत बनाउँदै ल्याएको छ । महिला सजग हुँदैछन्, हरेक क्षेत्रमा आफ्नो कुशलता देखाई अगाडि बढ्दै छन् । महिलाका पक्षमा विभिन्न नीति, कानुन बने पनि व्यवहारमा पूर्ण रुपमा कार्यन्वयन भएको देखिन्न (चाँदतारा, २०७१) ।

यसरी महिला सशक्तिकरणले आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा पुर्‍याउने योगदान महत्वपूर्ण हुने भए तापनि यथार्थमा महिला समुदायको स्थिति भने नितान्त दयनीय र नाजुक रहेको, राज्य, समाज, घरपरिवारद्वारा सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक र स्वतन्त्रताका क्षेत्रमा दोस्रो दर्जाको चिन्तन नेतृत्वका वकालत गरे पनि व्यवहारमा महिला अहिले पनि पछाडी नै परेका छन् । यिनै परिप्रेक्ष्यमा वर्तमान महिला सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुर्‍याएको योगदानलाई हेर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपाली संस्कृति आंलकारिक शब्दमा “नारी शक्तिलाई आधाशक्ति” मानिएको भए तापनि नारीलाई ताडनको पात्रको रुपमा मात्र आत्मसाथ गरिएको छ । यो दैध मानसिक वाकै आधारमा माहिलाहरुलाई हेर्ने आधार पुरुषको भन्दा फरक मानिएको छ । महिलाहरुसँग क्षमता छ तर त्यसलाई प्रयोग गरे तापनि त्यसलाई निरन्तरता दिनसक्ने संस्थागत संलग्नताई निरन्तरता दिनसक्ने संस्थागत संलग्नता छैन । यस अर्थमा नेपाली महिलाहरु सशक्त भएर पछाडी परिरहेको अवस्था रहेको छ । महिलाहरु सामाजिक रुढिवादले थिचिएका छन् । “पोथी बास्नु हुन्न” भन्ने रुढीवादी संकुचीत सोचका मुखदर्शक बनेका छन् ।

सामान्यतया विवाह पश्चात नेपाली नारीहरुको आफ्नो परिचय हराउँदछ । श्रीमान्को अनुमति विना कुनैपनि  निर्णय अधिकार हुँदैन ।

जनसंख्याको आधा भाग ओगटेको अर्थात आधा आकाश ढाकेका महिलावर्गको विकासको लागि श्री५ को सरकारका साथै विभिन्न गैर सरकारी संस्थाहरु लागि परिरहँदा पनि यो राष्ट्रको एउटा मुख्य समस्याको रुपमा रही आएको छ । मुलुकको चौतर्फि विकासका लागि शिक्षा एक अत्यन्त महत्वपूर्ण पाटो हो र यसमा महिला पुरुष सबैको बराबर पहुँच हुनु नै सर्गिक अधिकार हो । तर, यस क्षेत्रमा पनि महिला र पुरुषबीच ठूलो खाडल छ । धर्ममा पनि नारी पुरुषबीच ठूलो भेद छ । नारीलाई पुरुषले बनाएको सामाजिक रेखाभित्र बसि पत्नि, आमा र छोरीको भूमिका निर्वाह गर्न एक प्रकारको लक्ष्मणरेखा कोरिएको हुन्छ । पत्निका रुपमा नारी चरणको दासी हो भनिन्छ भने छोरीका रुपमा नारी अर्काको नासो वा धरौटी मात्र मानिन्छ । बाबु आमाले छोरी अर्काको घरमा गएर अरुलाई रिझाएर जीवनयापन गर्न सकोस् भन्ने उद्देश्यले उसको मन मस्तिष्क तयार गरिन्छ र सोहि अनुसार बचपन देखिनै प्रशिक्षित गर्ने गरिन्छ । यसरी हाम्रो समाजमा छोरीलाई धरौटीको रुपमा राखेर पालनपोषण गरी बिदाई गरी डोली चढेर आएको अर्थी चढेर जानु भन्ने उपदेश दिइन्छ ।

बिहान उठेदेखि बेलुकी सुत्ने बेलासम्म महिलाहरु काम व्यस्त हुन्छन् । वास्तवमा भन्नुपर्दा सबैभन्दा धेरै काम गर्ने महिला नै हुन् । मुख्यतयः महिलाको श्रम मुल्याङ्कन हुन सकेको छैन । महिलाले घरेलु काममा गरेको श्रमको योगदानको कुनै मुल्याङ्कन गरिएको छैन । सामाजिक तथा पारिवारिक कामको यसरी विभाजन गरिएको छ कि पुरुषलाई स्वछन्द र स्वतन्त्र भएर बाँच्ने र महिलालाई पराधनी परश्रित भएर कुण्ठित जीवनयापन गर्न बाध्य बनाईएको छ । शिक्षा, तालिम लगाएतका कार्यक्रममा महिलाहरुलाई सहभागि नगराईनु, आर्थिक रुपमा सबल हुन नसक्नु, आर्थिक रुपमा सबल बनाउने योजना नीति र कार्यक्रमहरु महिलाहरुको लागि भनेर तयार गरिए तापनि पुरुष केन्द्रित हुनु जस्ता समस्या नेपालका महिलाहरु माझ रहेको छ । जनसंख्याको आधारमा करिब ४८.५० प्रतिशत जनसंख्या महिलाले ओगटेका छन् । जनसंख्याको आधारमा धेरै भएर पनि उत्पादनमुलक क्रियाकलापमा महिलाहरुको सहभागिता न्यून छ । महिलाहरुमा शिक्षाको कमी चेतनाको कमीको कारण घरभित्र र घरबाहिरका क्रियाकलापमा निर्णय गर्ने क्षमता छैन ।

संसारमा कुनै त्यस्तो मुलुक छैन, जुन महिला हिंसा मुक्त होस् तर सभ्य र सम्पन्न मुलुकमा यसको मात्रा कम र प्रकृति भिन्न छ भन्ने विपन्न मुलुकहरुमा यसको मात्रा बढि र प्रकृति पनि भिन्न छ । नेपाल पनि महिलामाथि चरमविभेद हुने मुलुक मध्ये एक हो । बनेका कानुनहरु हेर्दा नेपाली महिला बलिया र अधिकार सम्पन्न भए जस्तो लागे पनि व्यवहारमा कार्यन्वयन हुन नसकेको कारण कागजी रुपमा महिला माथिको विभेद कम हुँदै गए पनि व्यवहारमा महिला पीडित नै छन् । भाषण, नारा र जुलुसमा जतिसुकै नारीमुक्तिका कुराहरु गरेपनि वास्तविकतामा भने निकै भिन्नता रहेको पाइन्छ । समयक्रमसँगै महिलाहरुको हक र हितको निम्ति केही कानुनी सुधार भए तापनि कार्यन्वयन पक्षको अभावले प्रभावकारी हुन सकेको छैन ।

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य महिला सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन गर्नु हो । यस अध्ययनको विशिष्ट उद्देश्य निम्नानुसार छन् ।

१) महिला सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदानको विश्लेषण गर्नु

२) पारिवारिक निर्णय प्रक्रियामा महिलाहरुको भूमिका पत्ता लगाउनु ।

## १.४ अनुसन्धानात्मक प्रश्न (Research Question)

यस अध्ययनले अध्ययन क्षेत्रका महिलाहरुसँग सम्बन्धित रहेर निम्न अनुसन्धान प्रश्नहरुको उत्तर खोजी गर्ने प्रयास गरिएको छ ।

१) अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक अवस्था कस्तो रहेको छ ?

२) अध्ययन क्षेत्रका महिलाहरुको आर्थिक अवस्था कस्तो रहेको छ ?

३) अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक स्तर कस्तो रहेको छ ?

४) अध्ययन क्षेत्रमा महिला सशक्तिकरणले आर्थिक विकास गराउँन कस्तो प्रभाव पारेको छ ?

५) अध्ययन क्षेत्रका महिलाहरुको पारिवारिक निर्णयमा भूमिका कस्तो रहेको छ ?

६) यस अध्यया क्षेत्रका महिलाहरुको सामाजिक अवस्था सुधार गर्न सशक्तिकरणले कस्तो सहयोग पुऱ्याएको छ ?

## १.५ अध्ययनको महत्व (Significance of the Study)

राष्ट्रिय जनगणना २०६८ लाई आधार मान्ने हो भने नेपालमा आधाभन्दा बढी जनसंख्या महिलाको रहेको पाइन्छ । नारी अशिक्षित भएमा आधाभन्दा बढी जनसंख्या निरक्षर हुन्छ । देशको आधा जनसंख्या मात्र सफल र सक्षम भएर देश पूर्ण विकसित हुन सक्दैन । एउटा पाङ्ग्राले मात्र रथ राम्ररी गुड्न सक्दैन र यसैले देश विकासले गति लिनका लागि सबै सक्षम र सबल हुनुपर्छ । नेपालमा कतिपय संस्कार र परम्परा समाजमा जरा गाडेर बसेका छन् । राज्यले महिलाहरुको लागि हरेक दृष्टिकोणबाट समानरुपले सुविधाहरु उपलब्ध गराए पनि त्यसको समान हिस्सेदार हुन सकिरहेका छैनन् । जसले गर्दा महिलाहरुको अवस्था तुलनात्मक रुपमा कमजोर देखिन्छ । यसरी ग्रामीण विपन्न महिलाहरु विविध कारणहरुबाट विकासका अवसरबाट बञ्चित छन् । उनीहरु विभिन्न कारणले सशक्त हुन सकेका छैनन् । त्यसैले उनीहरुको जीवनस्तर उठाउनमा महिला हक र सशक्तिकरण हुन आवश्यक छ ।

आजको २१ औं शताब्दिमा महिला र पुरुषलाई एउटै रथका दुई पांग्रा भन्ने गरिन्छ । यदि एउटा पांग्रा विग्रियो भने त्यो रथ राम्रोसँग अगाडि बढ्न सक्दैन । त्यस्तै जबसम्म महिला पूर्ण रुपमा सशक्त हुँदैनन् तबसम्म एकतर्फि विकास गरेर राज्यले पूर्णता पाउन सक्दैन । त्यसैले महिला विकास र सशक्तिकरण बिना देशको विकास हुन असम्भव छ । नेपालका अधिकांश जनताहरु ग्रामिण क्षेत्रमा बसोबास गर्दछन् । जहाँ राज्यले हरेक दृष्टिकोणबाट समान रुपले सुविधाहरु उपलब्ध गराएपनि त्यसको भागेदार हुन सकिरहेका हुँदैनन् जसमध्ये कुल जनसङ्ख्याको आधाभन्दा बढि ठाउँ ओगटेका महिलाहरुको अवस्था भने तुलनात्मक रुपमा कमजोर देखिन्छ । पुरुषहरुको तुलनामा महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक तथा कानुनी क्षेत्रमा सीमित अवसर र अधिकार रहेको देखिन्छ ।

यो अध्ययनले सम्पूर्ण नेपाल भरिको महिलाका अवस्थाबारे प्रकाश पार्न नसकेपनि मारेङ्ग जिल्ला कोशि हरैंचा नगरपालिका वडा नं. ४ का महिलाहरुका आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कस्तो प्रभाव पारेको छ भन्ने अध्ययन गर्नका लागि सहयोगी बन्न सक्छ, साथै महिला सशक्तिकरणको क्षेत्रमा काम गर्ने विभिन्न

संघसंस्था, गैरसरकारी, सरकारी, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुका लागि थप सामग्री, महिला क्षेत्रमा नै काम गर्ने व्यक्ति, योजनाकार कानुनविज्ञहरुको कार्यक्रमहरुलाई अझ प्रभावकारी बनाउन सहयोग बन्न सक्छ । यस अनुसन्धान पश्चात त्यस क्षेत्रको महिलाहरुको सामाजिक,आर्थिक तथा शैक्षिक अवस्थाको वास्तविकता नजिकबाट थाहा पाउन सकिने भएकाले अनुसन्धानकर्तालाई नेपाली महिला जगतको अवस्था बारेमा थाहा पाउन सजिलो हुन्छ ।

यस अध्ययनको महत्वलाई बुँदागत रुपमा निम्न रहेको छ ।

१. महिलाहरुको सामाजिक अवस्थाबारे जानकारी प्राप्त गर्न यो अध्ययनको महत्वपूर्ण भूमिका हुनेछ ।
२. अध्ययन क्षेत्रका महिलाहरुको आर्थिक र शैक्षिक अवस्था कस्तो रहेको छ भन्ने बारेमा जानकारी प्राप्त गर्न यो अध्ययनको महत्वपूर्ण भूमिका हुनेछ ।
३. महिलाहरुमा देखापरेका सामाजिक, आर्थिक तथा शैक्षिक समस्याहरु पत्ता लगाई ति समस्याहरु समाधान गर्नको लागी यो अध्ययनको महत्वपूर्ण भूमिका रहनेछ ।
४. महिलाहरुको पारिवारिक निर्णयमा के-कस्तो भूमिका रहेको छ भन्ने बारेमा जानकारी प्राप्त गर्नको लागी यो अध्ययनले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।
५. महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक अवस्था सुधार गर्ने सशक्तिकरणले पुऱ्याएको योगदान थाहा पाउनको लागि यो अध्ययन महत्वपूर्ण आधार बन्ने छ ।
६. प्रस्तुत अध्ययन स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्ति पार्ने क्रममा तयार पारिएको छ ।

## १.६ अध्ययनको सीमाहरु (Limitation of the Study)

अनुसन्धान आफैमा एक जटील र महत्वपूर्ण कार्य भएकाले यसमा धेरै श्रम, समय र आर्थिक पक्षको आवश्यकता पर्दछ । यस अध्ययनलाई प्रभावकारी, यथार्थपरक, औचित्यपूर्ण र उपयोगी बनाउन समय, अर्थ लगायतका सीमितताले गर्दा यसलाई निस्थित क्षेत्रमा निर्धारण गर्नुपर्ने भएकाले यस अध्ययनलाई मोरङ्ग जिल्लाको कोशी हरैँचा नगरपालिका अन्तर्गत वडा नं. ४ का विवाहित महिलाहरुमा मात्र सीमित गरिएको छ । यस अध्ययनका सीमाहरु निम्नानुसार रहेका छन् ।

१) यस अध्ययनमा मोरङ्ग जिल्लाको कोशी हरैंचा नगरपालिका अन्तर्गत वडा नं.४ लाई अध्ययन क्षेत्र लिइएको छ ।

२) यस अध्ययनले मोरङ्ग जिल्लाको कोशी हरैंचा नगरपालिका वडा नं. ४ भित्र बसोबास गर्ने १८-६० वर्षका विवाहित महिलाहरुलाई मात्र लिइएको छ ।

३) यो अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक अवस्था शैक्षिक अवस्था महिला सशक्तिकरण र निर्णय प्रक्रियामा महिलाहरुको भूमिका केन्द्रित गरिएको छ ।

४) महिला सशक्तिकरण भन्नाले महिलाहरुको स्रोत र साधनमा पहुँच, परिवारका प्रमुख निर्णयहरुमा संलग्नता र सम्पत्तिमा समान अधिकार, घरायसी निर्णयमा महिलाहरुको समान अधिकार आदि तत्वहरुलाई बुझाउने छ ।

५) यस अध्ययनले मोरङ्ग जिल्लाको महिलाहरुको प्रतिनिधित्व गरेपनि नेपाल अधिराज्य भरका महिलाहरुमा सामन्यिकरण गर्ने सकिने छैन ।

## १.७ मुख्य शब्दावलीको अर्थ (Meaning of Main Terms)

सशक्तिकरण : महिलामा भएको परिवर्तन

सशक्त : बलियो

पहुँच : प्राप्ति

साक्षर : सामान्य लेखपढ गर्न सक्ने

निरक्षर : सामान्य लेखपढ गर्न नसक्ने

UNDP : United National Development Programme

एकल परिवार : बुबा आमा तथा छोराछोरी

संयुक्त परिवार : हजुरबुबा, हजुरआमा, बुबा, आमा, काका, काकी, तथा छोराछोरी सहितको परिवार

प्रत्यक्ष अवलोकन : अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा आफै गई गरिएको अवलोकन

सक्षम : कुनै पनि कार्यको लागि तयारि अवस्था

नमुना छनोट : ठुलो समूहबाट केहि एकाइहरु छनोट गर्ने प्रक्रिया

जनसंख्या : अनुसन्धानकर्ताको लागि छनोट गरिएको सम्पूर्ण मानिस वा वस्तुहरुको समुह

अन्तरवार्ता : दुई वा दुई भन्दा बढि व्यक्तिहरु विच आमने सामने बसेर गरिने कुराकानी

## १.८ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनको अनुसन्धानलाई व्यवस्थित गर्न अध्ययनमा समावेश भएका विषयवस्तुलाई संगठित गरिएको छ । अध्याय एक अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनका परिसिमा, अनुसन्धानात्मक प्रश्न, मुख्य शब्दावलीको ढाँचा र अध्ययनको संगठन राखीएको छ । अध्याय दुईमा सैद्धान्तिक साहित्यको समिक्षा, पुनरावलोकनको प्रस्तुतमा अध्ययनमा उपादेयता, अनुसन्धान अन्तर र अवधारणात्मक र कार्यात्मक ढाँचा राखिएको छ । अध्याय तीनमा अनुसन्धान विधि, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत जनसंख्या र नमुना आकार र नमुना छनोट रणनिती, अध्ययन क्षेत्र, तथ्याङ्क संङ्कलनका साधनहरु, तथ्याङ्क सङ्कलनका प्रविधिहरु, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषणका तौरतरिकाहरु राखिएको छ । अध्याय चारमा मोरङ्ग जिल्लाको परिचय, भौगोलिक अवस्था, आर्थिक अवस्था, सामाजिक अवस्था, कोशि-हरैंचा नगरपालिकाको परिचय, भौगोलिक अवस्था, शैक्षिक अवस्था, जनसांख्यिक अवस्था, महिलाहरुको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था पारिवारिक निर्णय प्रक्रियामा महिलाहरुको भूमिका र सारांश राखिएको छ । अध्याय पाँचमा निष्कर्ष र सुझावहरु तथा महिला सशक्तिकरण सम्बन्धि अध्ययन गर्ने व्यक्तिलाई समेत सुझाव प्रदान गर्दै प्रश्नावली तथा सन्दर्भसूची समेत प्रस्तुत गरिएको छ ।

# अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन ( REVIEW OF RELATED LITERATURE AND CONCEPTUAL FRAMEWORK)

यस अध्यायमा अनुसन्धान शीर्षकसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, जर्नल, पत्रपत्रिका, लेखरचना, अनुसन्धान प्रतिवेदन, स्रोत, सामग्री लगायत अन्य अभिलेखहरुको अध्ययन र पुनरावलोकन तथा समीक्षा गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

केन्द्रिय तथ्याङ्क विभाग (२०७०) का अनुसार महिला सशक्तिकरण यस्तो प्रक्रिया हो, जसमा समाजका शक्ति, क्षमता, आत्मविश्वास तथा पहुँच नहुने महिलाहरुको लागि शिक्षा, चेतना र अधिकारका अवसरहरु प्रदान गरी क्षमता अभिवृद्धि गरिन्छ । विशेष गरी ग्रामीण विपन्न महिलाहरु विविध कारणहरुबाट विकासका अवसरबाट वञ्चित छन् र उनीहरुलाई पछाडी पारिएको छ । उनीहरु विभिन्न कारणले सशक्त हुन सकेका छैनन् । उनीहरुले आफ्नो प्रतिभा, ज्ञान र अनुभवलाई सही रुपमा प्रयोग गर्न पाएका छैनन् । यस्तो अशक्तता, बञ्चितकरणको अवस्थालाई शिक्षा, अधिकार र अवसरहरु प्रदान गर्ने प्रक्रिया नै सशक्तिकरण हो ।

Kersberg (१९९२) सशक्तिकरण शब्द सन् १८९० को दशक यता धेरै प्रचलित हुँदै आएको छ । विशेष गरेर महिला अध्यनका लागि संघर्षरत महिलाहरुले यसलाई अघि बढाएको पाइन्छ । विभिन्न सामाजिक शोषण र कुसंस्कारले ग्रसित महिलाहरुलाई त्यो अवस्थाबाट मुक्ति दिलाउँने उद्देश्यले सशक्तिकरण शब्दको प्रयोग भएको देखिन्छ । फलतः सशक्तिकरण कार्यक्रममा महिलाभित्र रहेका हिन भावनाहरु हटाउने र त्यस हिन भावना जन्माउने विभिन्न संघसंस्थाहरुमा परिवर्तन ल्याउने गतिविधिहरु समावेश भएको देखिन्छ । यस अर्थमा मौनताबाट मुक्त भई सक्रिय आवाज उठाउन सक्ने सक्षम महिला जन्माउनु नै सशक्तिकरण हो ।

UNDP (२००५) का अनुसार ७३ प्रतिशत महिलाहरु कृषि क्षेत्रमा कार्य गर्छन् । महिलाहरु घरेलु तथा साना उद्योग सञ्चालन गर्ने अवसर, सीप, क्षमता, तालिम र राम्रो पारिश्रमिक पाउने स्थान सम्म पुग्न सकेको छैन । महिलाहरु प्रत्यक्ष उत्पादनका काममा भन्दा अप्रत्यक्ष उत्पादनका काममा बढि सहभागी हुनु महिलाले गर्ने कामलाई आर्थिक गतिविधिको रुपमा गणना गरी श्रमको मूल्याङ्कन गर्ने संस्कारको विकास नहुनु, परिवार र समाजबाट काम नभएका महिला भन्ने उपाधि दिनुले महिलाको श्रमको अवमूल्यन तथा अन्याय भएको पाइन्छ ।

पोखरेल (२०७३) का अनुसार नेपालको जनसंख्या २०६८ लाई हेर्दा पुरुषभन्दा महिलाको जन्मदर र पारिवारिक सदस्य सामान्य रुपमा बढी छ । देश भित्र काम गरी खाने र श्रम बजारमा घरेलु कामदार पनि पुरुषको तुलनामा महिलाहरु नै धेरै छन् । समग्रमा गाहस्थ्र्य उत्पादन सहभागितामा १०० महिलाको अनुपातमा ८६ प्रतिशत मात्र पुरुषको उपस्थिति छ । देशको आर्थिक दुरावस्था र रोजगारी अभावका कारणले युवायुवतीको ठूलो जनसंख्या विदेश जान बाध्य छन् । पुरुषहरु सदियौँदेखि वैदेशिक रोजगारमा जाने र कमाउने चलनमा विगत दुई दशकदेखि ठूलो मात्रामा महिलाहरु पनि विदेशिन र इस्लाम तथा अन्य भाषा, धर्म, संस्कृति र खानपिन तथा विभिन्न फरक विचार र धारणा भएका मुलुकमा पुगी जोखिमयुक्त काम गर्न बाध्य अवस्था घाम जत्तिकै छर्लङ्ग छ । देशभित्र १५-५९ वर्ष उमेरका जनसंख्याको उर्जाशिल जनशक्ति १६ प्रतिशत मात्र छ भने १५ वर्षमुनि र ६० वर्षभन्दा माथिको जनसंख्या ८४ प्रतिशत देखिन्छ । आश्रित पारिवारिक संख्याको अनुपातमा अति उच्च हुनुले महिलाहरुले घरपरिवार चलाउन र आर्थिक प्रवन्ध गर्न धेरै कठिनाइ भोगिरहेका छन्  । पुरुषले साक्षरतादर ७५ प्रतिशतको तुलनामा महिला साक्षरदर ५७ प्रतिशतको हाराहारी र मुलुकको ६५ प्रतिशत मात्र साक्षरतादर हुनुले नेपाली समाजमा महिला दोस्रो दर्जाका नागरिक झैँ लाग्ने गर्दछ ।

राष्ट्रिय योजना आयोग (२०६८) महिलाको आर्थिक तथा गैरआर्थिक विकासकोलागि नेपालमा विभिन्न प्रयासहरु भइरहेको छन् । महिला विरुद्धका सबै विभेद र हिंसाको अन्त्य गरी महिलाको हक अधिकारको संरक्षण एवम् प्रवर्द्धनका लागि राज्यले नीतिगत कानुन, संस्थागत सुधारका साथै विकास कार्यहरु सञ्चालन गर्दै आइरहेको छ । विभेदकारी कानुनमा संशोधन गर्ने, महिला सहभागिता बढाई आयआर्जन तथा स्रोत साधन माथि महिलाको पहुँच एवम्

नियन्त्रणमा वृद्धि गर्ने प्रयत्नसमेत हुँदै आएका छन् । आरक्षण, परम्पराजन्य हिंसाका विरुद्ध सचेतना, हिंसाबाट प्रभावित महिलाहरुका लागि परामर्श उपचार र कानुनी सहयोग द्वन्द्व समाधान तथा शान्ति स्थापनाको प्रक्रियामा महिलाहरुको सहभागिता, सीप तथा क्षमता विकासका कार्यक्रमहरु लैङ्गिक उत्तरदायी बजेट प्रणाली लगायतका कार्यक्रमको कार्यान्वयनबाट पनि महिलाको जीवनस्तर सुधारमा महत्वपूर्ण उपलब्धि भएका छन् ।

राष्ट्रिय महिला आयोग (२०७१) नेपालको आधुनिक इतिहासको विभिन्न कालखण्डमा महिलाहरुले व्यक्तिगत पहलमा महिला अधिकारका निमित्त आवाज उठाउनुको साथै महिलाहरुको सवालहरुमा सामाजिक जागरणको निमित्त प्रयास गरेको पाइन्छ । उदाहरणका रुपमा वि. सं. १९७५ मा पहिलो पटक स्थापना भएको 'महिला समिति' वि. सं. १९९३मा चन्द्रकान्ता मल्लको छोरीहरुले पनि स्कुलमा शिक्षा पाउनुपर्दछ भनी उठाएको माग, वि. सं. १९९७ मा स्थापना भएको नेपालकै पहिलो राजनीतिक पार्टीमा रेवन्तदेवी आचार्य र कामाक्षादेवीको सहभागिता जस्ता महत्वपूर्ण घटनाहरुलाई लिन सकिन्छ । नेपालमा राजनीतिक परिवर्तनसँगै महिला आन्दोलनले आफ्ना मुद्दा तथा सवालहरुलाई परिस्कार एवं परिमार्जन गर्दै आएको देखिन्छ । छोरीहरुले पनि स्कुलमा पढ्न पाउनुपर्छ भन्ने मागबाट शुरु भएको नेपाली महिलाको माग संगठित रुपले विस्तारित हुँदै महिलाको वृहत्तर सामाजिक, साँस्कृतिक,आर्थिक, नागरिक तथा राजनीतिक हक सम्म विस्तार भएको देखिन्छ ।

पौडेल (२०७३) का अनुसार विकासका लागि महिला र पुरुषको समान सहभागिता अनिवार्य सर्तका रुपमा रहन्छ । व्यक्ति, समाज र राष्ट्रलाई उत्पादनमुखी बनाई जीवनस्तर तथा आर्थिक विकासको गतिलाई तीव्र बनाउने कार्य विकास हो । सामाजिक तथा शैक्षिक पक्ष वा कारणले विकास प्रक्रियामा महिलाको सहभागिता पुरुषको तुलनामा कम हुने गरेको छ । लैङ्गिक समानताका पक्षबाट यो अवस्था सकारात्मक होइन । अर्को शब्दमा महिलाको सशक्तिकरण, सक्रिय सहभागिता र अर्थपूर्ण भूमिका विकासका लागि आवश्यक हुन्छ । यसका लागि पनि शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । शिक्षा प्राप्त गर्ने सबै व्यक्तिको नैसर्गिक अधिकार हो भन्ने पक्ष सर्वव्यापी भइसकेको छ । मानव अधिकार सम्बन्धी सबै प्रकारका घोषणपत्र महासन्धि तथा अभिसन्धिले यसलाई स्थापित गरी सकेका छन् । बिसौं शताब्दीको पछिल्लो दशकहरु देखि नै शिक्षामा महिला समानताको विषयले प्राथमिकता पाउँदै आएको छ । विभिन्न सोच, अभ्यास तथा तीनको प्रभाव मूल्याङ्कनका

आधारमा लैङ्गिक समानताको विषयलाई उच्च स्थान दिँइदै आएको छ । विकास प्रक्रियामा गति प्रदान गर्न सम्पूर्ण विश्वको ध्यान लैङ्गिक समानतातर्फ केन्द्रित हुँदै आएको अवस्था विद्यमान छ ।

कडेरिया (२०६९) का अनुसार नेपाली समाजमा छोरा प्रतिको बढ्दो आर्कषणले छोरीहरुलाई गरिने भेदभावपूर्ण व्यवहारले छोरीलाई पराई घरको सम्पत्ति मान्ने हाम्रो सामाजिक परम्परा र दृष्टिकोणले पनि यिनीहरुको पढाई लेखाइमा नकारात्मक असर परेको पाइन्छ । यस्तै महिलाहरुमा निरक्षरता देखापर्नुको अर्को प्रमुख कारण लैङ्गिक गरिबी हो जसले गर्दा लैङ्गिक असमानता बढेको छ । यद्यपी सहरी क्षेत्रमा केही शिक्षित महिलाहरु लैङ्गिक सचेतनाप्रति प्रेरित छन् र आफ्नो वर्गमा देखापरेको भेदभाव र थिचोमिचोमा आवाज उठाउन थालेका छन् । तथापी ग्रामीण क्षेत्रका र विपन्न वर्गका महिलाहरुमा उक्त किसिमको चेतनाको ज्यादै कमी छ । तसर्थ शिक्षा र चेतनाको अभावमा विशेष गरी ग्रामीण क्षेत्रमा महिला जागरण सेवा पुऱ्याउने अगुवा र प्रेरकको भूमिका निर्वाह गर्ने महिलाहरुको प्रायः अभाव छ ।

ढुंगाना (२०७१) मानवका रुपमा महिला र पुरुष समान भए पनि एकै भने होइनन् । जैविक रुपमा रहेको यो भिन्नता महिला वा पुरुषको कमजोरी वा शक्तिका कारण भने होइन । तर परिवार, समाज र राज्यमा महिला र पुरुषबीचको यही जैविक भिन्नतालाई विभेद गर्ने आधार बनाइएको छ । यसैलाई आधार बनाएर राज्य निर्मित नेपालको अन्तरिम संविधान, २०६३ लगायतका कानुनमा १०० भन्दा बढी कानुनी प्रावधान महिलाविरुद्ध प्रत्यक्ष भेदभावपूर्ण छन् । निश्चयनै जैविक भिन्नताका कारण महिला र पुरुषको आवश्यकता फरक-फरक छन् । यो कुरालाई आत्मसाथ गर्न नसक्दा कतिपय अवस्थामा राज्यद्वारा नै असमान व्यवहार भइरहेका छन् । यसैगरी महिला र पुरुष समान हुन् भन्ने आधारमा बन्ने कानुन, नियम, नीति, दस्तावेजबाट महिला र पुरुषलाई विभेद गरेको नदेखिए पनि परिणाममा भने दुवै वर्ग समान रुपमा लाभन्वित बन्न सकेका छैनन् ।

कानुन किताव व्यवस्थापन समिति (२०७२) का अनुसार नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ अर्न्तगत महिला सम्बन्धि हकको व्यवस्था गरिएको छ । जस अर्न्तगत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ, महिला विरुद्ध धार्मिक, सामाजिक,

सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक छ, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

रेग्मी, (२०६७) का अनुसार नयाँ संविधानमा महिला अधिकार सुनिश्चित गर्ने महत्वपूर्ण पक्ष आर्थिक अधिकार पनि एक हो । नेपालका महिलाहरुलाई आर्थिक अधिकार छैन । आर्थिक अधिकारले सामाजिक र सांस्कृतिक अधिकारलाई पनि प्रभाव पार्दछ । अहिलेसम्म पैतृक सम्पत्तिमा महिलाहरुको अधिकार छैन । अब बन्ने संविधानमा पैतृक सम्पत्तिमा महिलाहरुको समान अधिकारको सुनिश्चितता हुनुपर्दछ । त्यस्तै अर्को महत्वपूर्ण पक्ष सामाजिक र सांस्कृतिक अधिकार पनि हो महिलालाई गलत संस्कृतिका कारण दमन गर्ने गरिन्छ । सामाजिक रुपमा शोषण गरिन्छ । विभिन्न खाले धर्म ग्रन्थका आधारमा महिलामाथि दमन शोषण गरिएको छ । यौन शोषण, घरेलु हिंसाको शिकार महिलाहरु हुने गरेका छन् । अब बन्ने नयाँ संविधानमा महिलालाई सामाजिक र साँस्कृतिक रुपमा कुनै पनि शोषण दमन र उत्पीडन गर्न नपाइने, गर्नेलाई कडा कार्वाही गर्ने व्यवस्था गरिनुपर्दछ ।

## २.२ अनुसन्धानको साहित्यको पुनरावलोकन (Review of Research Literature)

अर्याल (२०६३) का अनुसार औद्योगिक समाजमा गृहिणीहरुले हप्तामा ५६ घण्टा घरायसी कार्य गर्दछन् भने विकासोन्मुख देशमा गृहिणीहरु झण्डै ६३ घण्टा घरायसी कार्यमा व्यस्त हुन्छन् । घरायसी कार्य महिलाहरुले मात्र गर्ने कार्य होइन । महिलाहरुले खाद्य उत्पादन र आम्दानी सिर्जना गर्ने कार्यमा उल्लेखनिय भूमिका छ । तथ्याङ्क अनुसार विश्वमा उत्पादित ५५ प्रतिशत खाद्यान्न महिलाहरुद्वारा उत्पादन गरिन्छ । तेस्रो विश्वमा महिलाहरुले तेस्रो विश्वका लागि आवश्यक पर्ने आधा खाद्यान्न उत्पादन गरेपनि महिलाहरुलाई कम ज्याला दिइन्छ र धनी परिवारको नोकरको रुपमा राखिन्छ । हिन्दु धर्म जहाँ महिलाको पुजा हुन्छ त्यहाँ इश्वर पनि खुशी हुन्छन् भनिए तापनि त्यहि धर्मका आडमा भएका तमाम अन्याय, अत्याचार र शोषणबाट नेपाली महिलाहरु पीडित भइरहनु परेको छ ।

अधिकारी (२०६२) का अनुसार विगतमा भएका गल्ती कमजोरीहरुलाई केलाई आज भोलि महिला सशक्तिकरण सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चका साथै विभिन्न राजनैतिक तह र स्थानीय तहमा समेत आवाज बुलन्द हुँदै आइरहेको देखिन्छ । हुनत कुनै जाति विशेष वा लिङ्ग विशेषलाई शक्ति दिइयो भन्दैमा नै त्यो पूर्ण हुँदैन । यो पूर्ण त त्यतिबेला मात्र हुन्छ, जतिबेला उनीहरुले राम्ररी सदुपयोग गर्न सक्ने क्षमता हुन्छ ।

जोशी (२०६८) सशक्तीकरण भन्ने शब्दावलीको प्रयोग पनि पिछडिएको वर्गको उत्थानसँग जोडिएको छ । शुरुका वर्षहरुमा महिलाहरुको सशक्तीकरणको विषयलाई मात्र यसले समेटेको थियो भने अहिले आएर महिला लगायत पिछडिएको वर्ग र क्षेत्र सबैको सशक्तिकरणमा यसको प्रयोग भएको छ । पिछडिएको वर्ग र क्षेत्रको उत्थानमा सहयोग पुग्न सक्ने गरि क्षमताको विकास र साधन स्रोतमा पहुँच बढाउनुको साथै विकसित वर्ग र क्षेत्रको अवस्था सरह बनाउने प्रक्रियालाई सशक्तिकरणको रुपमा लिइएको छ । महिला सशक्तिकरण भनेको एउटा दैनिक जिवनमा आइपर्ने व्यवस्थित प्रक्रिया र कृयाकलाप हो । विश्वका जतिसुकै विकसित राष्ट्र होस् वा अल्पविकसित देश होस् यो समय सापेक्ष निरन्तर चलिरहने जटिल प्रक्रिया हो । जुन पुरुष र महिला दुबैमा अनयोन्याश्रित सम्बन्ध रहन्छ ।

सुवेदी (२०६९) महिला सशक्तिकरण हुनु भनेको महिलाहरुको आर्थिक, सामाजिक विकास हुनु लैङ्गिक भूमिकामा परिवर्तन आउनु देशको समग्र विकास महिला वर्गको पहुँच हुनु महिलाहरु संस्थागत रुपमा सङ्गठीत हुनु निर्णय र नियन्त्रण गर्ने तहमा महिलाहरु पुग्नु महिलाहरुको स्थितिमा सुधार ल्याई विकासलाई दिगो बनाउनु हो ।

रेग्मी (२०७३) का अनुसार सशक्तिकरण एउटा यस्तो प्रक्रिया हो जसले व्यक्ति तथा समाजमा रोजाई निर्माण गर्न सक्ने क्षमताको विकास गराउँदछ । सशक्तिकरणको अन्तिम लक्ष्य भनेको व्यक्तित्व विकास हो । जसमा आत्मविश्वास बढाउन सामाजिक अनतरकिरण स्रोत साधनको बाँडफाँडमा निर्णय गर्ने अधिकार कुन पेशा अलम्बन गर्ने र कसरी जीवनयापन गर्ने जस्ता विषयमा पर्याप्त छनोटमा अवसरहरु उपलब्ध हुनुपर्ने जस्ता कुराहरु समाविष्ट हुनछन् । साँचो अर्थमा महिला सशक्तिकरण भनेको महिलाहरुको पहिचानको खोजी गर्नु उनीहरुलाई आत्मनिर्भर बनाउनु र राजनैतिक क्रियाकलापमा महिला सहभागिता बढाउनु उनीहरुको आन्तरिक क्षमताको उजागर गर्नु स्वरोजगार सृजना ऋण सुविधा उत्पादित वस्तुको बजारमा पहुँच र जोखिम भोग्न सक्ने खुबिको विकास जस्ता विषयहरु

महिला विकास सशक्तिकरण प्रमुख विषयहरु हुन् जुन व्यक्तिगत प्रयासबाट प्राय : असम्भव छ । यसका लागि राजनीतिक दल सरकार र नागरिक समाजको सहयोग तथा स्वयम महिलाहरुको सक्रिय सहभागीको खाँचो पर्दछ ।

पन्त (२०५८) का अनुसार नेपालको वर्तमान सामाजिक संरचनामा महिलाहरुको भूमिका र स्थितिलाई हेर्दा विगतको तुलनामा धेरै नै सुधार भईरहेको पाइन्छ । विकासका हर क्षेत्रमा समान रुपमा सहभागी बनाउने हेतुले नै लैङ्गिक समानता, महिला विकास तथा सशक्तिकरण जस्ता अवधारणाहरु नेपालको सन्दर्भमा मात्र नभई विश्व परिप्रेक्ष्यमा नै प्रचलनमा भएको देखिन्छ । महिला नै विकास र सशक्तिकरणको उद्देश्य लिएर संयुक्त राष्ट्र संघद्वारा महिला सम्बन्धि विश्व सम्मेलनहरु हुदै आईरहेका छन् ।

श्रेष्ठ (२०५८) का अनुसार महिला सशक्तिकरण भन्ने कुरा वेलाबखतमा छापामा लेखेर, संचार माध्यममा बोलेर हुने कुरो होइन, जबसम्म यसलाई व्यवहारमा आफ्नो दैनिक क्रियाकलापमा, योजना निर्माणमा, निर्णय प्रक्रियामा, कानुन निर्माणमा, रोजगारी एवम् श्रममा, समाजिक कृयाकलापमा, स्थानिय देखि राष्ट्रिय, राजनैतिक कृयाकलापमा, सक्षम एवम् सक्रिय सहभागि भई प्रतिस्पर्धामा उत्रन तत्परता देखाउँदैनन् तबसम्म यसले सार्थकता पाउन गाह्रो हुन्छ । महिला सशक्तिकरण भनेको एउटा दैनिक जीवनमा आईपर्ने व्यवस्थित प्रक्रिया र क्रियाकलाप हो र यसलाई यस्तो नै हुनुपर्छ भनि ठोकुवा गरी व्याख्या र विश्लेषण गर्न कठिन हुन्छ ।

श्रेष्ठ (२०७०) का अनुसार नेपाली समाजमा पुरुष सत्ताको बोलवाला र हिन्दु धर्मको प्रभाव रहेकोले गर्दा महिलाहरु कुनै न कुनै रुपमा परनिर्भर रहँदै आएको पाईन्छ । धर्मसास्त्रहरुले नै महिलाहरुलाई देवि र दासी जस्ता दुई फरक चरित्रको रुपमा प्रस्तुत गरेका छन् । माइतीमा रहँदा महिलालाई छोरीचेली तथा दिदी बहिनीको रुपमा पुजिने, दान, दक्षिणा दिइने कार्यले गर्दा उनीहरुलाई देविको रुपमा लिइने गरिएको पाइन्छ । तसर्थ माइतीमा छँदा महिलाहरुको स्थान र हैसियत उच्च देखिन्छ । एकातिर महिलाको शारिरीक संरचनाले गर्दा पनि उनीहरु प्राकृतिक रुपमै पुरुष भन्दा कमजोर ठहरिएकै छन् भने अर्कातिर कृतिम रुपमा खडा गरिएको धर्म, परम्परा, संस्कार, सांस्कृतिक मूल्य एवम् मान्यताहरुले महिलाहरुलाई सँधै थिचिरहेकै अवस्था छ ।

उपाध्याय (२०६२) का अनुसार नेपाली समाज विशेष गरी हिन्दु धर्मबाट निर्देशित छ । हिन्दु धर्मशास्त्र अनुसार नारीलाई शक्ति, विधा र धनकी देविका रुपमा पूजा गरिन्छ । यति सम्म कि राष्ट्रलाई पनि नेपाल आमा भनि श्रद्धा प्रकट गरेको पाईन्छ । साथै जुन घरमा नारीको आदर हुन्छ त्यहाँ ईश्वरको बास हुन्छ भन्ने जस्ता विभिन्न उपमा दिई नारीको स्थान समाजमा उच्च राखेता पनि वास्तविक जीवनमा नारीको स्थिति धेरै दयनिय रहेको छ । नेपालको अर्थतन्त्र दिनानुदिन विग्रदै गईरहेको छ । देशका कर्मठ युवाहरु विदेश पलायन भई पठाएको विप्रेषणले धानेको नेपाली अर्थतन्त्र लामो समयसम्म दिगो रहन सक्दैन । गैरकृषि क्षेत्रमा पुरुषको भन्दा महिलाहरुको संलग्नता कमी रहनुले उनीहरुको आर्थिक क्षेत्र पछाडि परेको र सामाजिक गतिशिलता पनि परिवार भन्दा बाहिर सम्म पुग्न नसकेको कुरालाई पुष्ठि गर्छ ।

## २.३ पुनरावलोकनको प्रस्तुतमा अध्ययनमा उपादेयता (Implication of the Review for the Study)

केन्द्रिय तथ्याङ्क विभाग (२०७०) विशेषगरी ग्रामीण विपन्न महिलाहरु विविध कारणहरुबाट विकासका अवसरबाट बञ्चित छन् र उनीहरुलाई पछाडी पारिएको छ । उनीहरु विभिन्न कारणले सशक्त हुन सकेका छैनन् । उनिहरुले आफ्नो प्रतिभा, ज्ञान र अनुभवलाई सहि रुपमा प्रयोग गर्न पाएका छैनन् । यस्तो अशक्तता, बचीतिकरणको अवस्थालाई शिक्षा, अधिकार र अवसरहरु प्रदान गर्ने प्रक्रिया नै सशक्तिकरण हो ।

रेग्मी (२०६७) को एक लेखमा नेपालका महिलाहरुलाई आर्थिक अधिकार छैन । आर्थिक अधिकारले सामाजिक र सांस्कृतिक अधिकारलाई पनि प्रभाव पार्दछ । अहिलेसम्म पैतृक सम्पत्तिमा महिलाहरुको अधिकार छैन । अब बन्ने संविधानमा पैतृक सम्पत्तिमा महिलाहरुको समान अधिकारको सुनिस्थितता हुनुपर्दछ । शेषचाँदतारा (२०७१) को एक लेखमा आर्थिक दृष्टिकोणले कमजोर र विकासको गतिमा पछि परेको नेपालमा सामन्ती पितृसत्तात्मक राज्यसंरचनाका अवशेषका कारण विभेद, असमानता सँहदै अगाडि बढिरहेको कुरा उल्लेख गरिएको छ ।

अर्याल (२०७३) को अध्ययनमा हिन्दु धर्म जहाँ महिलाको पुजा हुनछ, त्यहाँ ईश्वर पनि खुसी हुन्छन् भनिएता पनि त्यहि धर्मका आडमा भएका तमाम अन्याय, अत्याचार र शोषणबाट

नेपाली महिलाहरु पिडित भईरहनु परेको छ । जोशी (२०६८) को अध्ययनमा महिला सशक्तिकरण भनेको एउटा दैनिक जिवनमा आईपर्ने व्यवस्थित प्रक्रिया र क्रियाकलाप हो । विश्वका जतिसुकै विकसित राष्ट्र होस् वा अल्पविकसित देश होस् यो समय सापेक्ष निरन्तर चलिरहने जटिल प्रकृया हो । जुन पुरुष र महिला दुवैमा अन्योन्याश्रित सम्बन्ध रहन्छ ।

सुबेदी (२०६९) को अध्ययनमा महिला सशक्तिकरण हुनु भनेको महिलाहरुको आर्थिक, सामाजिक विकास हुनु र देशको समग्र विकासमा महिला वर्गको पहुँच हुनु हो । रेग्मी (२०७३) को अध्ययनमा सशक्तिकरणको अनितम लक्ष्य भनेको व्यक्तित्व विकास हो । जसमा आत्मविश्वास बढाउन सामाजिक अनर्तरकिरण स्रोत साधनको बाँडफाँडमा निर्णय गर्ने अधिकार कुन पेशा अवलम्वन गर्नै र कसरी जीवनयापन गर्ने जस्ता विषयमा पर्याप्त छनोटमा अब सरहरु उपलब्ध हुनुपर्ने जस्ता कुराहरु समाविष्ट हुन्छन् ।

पौडेल (२०७३) को एक लेखमा  बिसौं शताब्दीको पछिल्ला दशकहरु देखि नै शिक्षामा महिला समानताको विषयले प्राथमिकता पाउँदै आएको निष्कर्ष यस अध्ययनमा पाइन्छ । पन्त (२०५८) को शोधपत्रमा विकासका हर क्षेत्रमा समान रुपमा सहभागी बनाउने हेतुले नै लैङ्गिक समानता, महिला विकास तथा सशक्तिकरण जस्ता अवधारणाहरु नेपालको सन्दर्भमा मात्र नभई विश्व परिप्रेक्ष्यमा नै प्रचलनमा भएको वर्णन गरिएको छ ।

कडेरिया (२०६९) का अनुसार नेपाली समाजमा छोराप्रतिको बढ्दो आकर्षणले छोरीहरुलाई गरिने भेदभावपूर्णव्यवहारले छोरीलाई पराइघरको सम्पत्ति मान्ने हाम्रो सामाजिक परम्परा र दृष्टिकोणले पनि यिनीहरुको पढाई-लेखाइमा नकारात्मक असर परेको पाइन्छ । उपाध्याय (२०६२) को शोधपत्रमा जुन घरमा नारीको आदर हुन्छ, त्यहाँ इश्वरको बास हुन्छ भन्ने जस्ता विभिन्न उपमा दिई नारीको स्थान समाजमा उच्च राखे तापनि वास्तविक जीवनमा नारीको स्थिति धेरै दयनिय रहेको कुराको वर्णन यस अध्ययनमा गरिएको पाइन्छ ।


श्रेष्ठ (२०५८) को शोधपत्रमा महिला सशक्तिकरण भन्ने कुरा बेलाबखतमा छापामा लेखेर, सञ्चार माध्यममा बोलेर हुने कुरो होइन, जबसम्म यसलाई व्यवहारमा आफ्नै दैनिक क्रियाकलापमा, योजना निर्माणमा, निर्णय प्रक्रियामा, कानुन निर्माणमा, रोजगारी एवम् श्रममा, सामाजिक क्रियाकलापमा सक्रिय सहभागी भई प्रतिष्पर्धामा उत्रन तत्परता

देखाउदैनन् तबसम्म यसले सार्थकता पाउन ग्राहो भएको कुराको निष्कर्ष यस अध्ययनमा पाइन्छ ।

## २.४ अनुसन्धान अन्तर (**Research Gap**)


सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन पश्चात् र यस अध्ययनको बीचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । साहित्यको पुनरावलोकनमा नमुना छनोट विधिको माध्यमबाट सीमित जनसंख्याबाट तथ्याङ्क लिई विश्लेषण गरिएको थियो भने यस अध्ययनमा महिलाहरुलाई उद्देश्यमूलक नमुना छनोट विधिको माध्यमबाट महिलाहरुको छनोट गरी वास्तविक र यथार्थ तथ्याङ्क लिएको पाइन्छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीको मात्र प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्दा सही तथ्याङ्क नआएको पनि हुन सक्छ । यस अध्ययनको निचोडमा नमुना छनोट गरिएका महिलाहरुसँग अन्तर्वार्ता लिई महिलाहरुको बारेमा प्रत्यक्ष अवलोकनको माध्यमबाट सत्य यथार्थ तथ्याङ्क लिएको पाइन्छ । यस अध्ययनमा महिला सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा पारेको प्रभाव, महिलाहरुको वार्षिक आम्दानी, खर्च, बचत स्थिति आदि बारे विश्लेषण गरिएको छ । त्यसैले साहित्यको पुनरावलोकन भन्दा यस अध्ययनको निचोड सत्य र वास्तविक छ भन्ने आशा रहेको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)




स्रोत : सुवेदी (२०६९) ।

## २.६ कार्यात्मक ढाँचा (Functional Framework)



# अध्याय तीन (CHAPTER THREE)

## ३. अनुसन्धान विधि र प्रक्रिया (METHOD AND PROCEDURES)

यस अध्यायमा अनुसन्धानको क्रममा प्रयोग गरिने अध्ययन प्रक्रियाहरुको बारेमा छलफल गरिएको छ । अध्ययन विधिमा विशेषतः तथ्याङ्कका स्रोतहरु, अनुसन्धान ढाँचा, जनसंख्या नमुना आकार र नमुना रणनीति, तथ्याङ्क सङ्कलन साधनहरु, तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रिया जस्ता शीर्षकहरु समावेश गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा (Research Design)

यो अध्ययन वर्णनात्मक र विश्लेषणात्मक (Descriptive and Analytical) अनुसन्धान ढाँचामा आधारित छ । यस अध्ययनमा नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत मोरङ्ग जिल्ला, कोशी हरैंचा नगरपालिका वडा नं. ४ मा बसोबास गर्ने महिलाहरुको सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा महिला सशक्तिकरणले पुऱ्याएको योगदान विश्लेषण गर्न खोजिएको छ । यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक स्रोतहरु सङ्कलन गर्न अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा पुगि अन्तर्वार्ता प्रश्नावली, छलफल तथा अवलोकन विधिको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ भने द्वितीय तथ्याङ्कहरु यसैसँग सम्बन्धित लेख रचना महिला सशक्तिकरण सम्बन्धी प्रकाशित अप्रकाशित लेख रचनाहरु यसैसँग सम्बन्धित लेख रचना महिला सशक्तिकरण सम्बन्धि प्रकाशित, अप्रकाशित लेख रचनाहरु, पत्रपत्रिका, जर्नलबाट सङ्कलन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई तालिका, स्तम्भचित्र, रेखाचित्रद्वारा व्याख्या तथा विश्लेषण गरिएको छ । परिमाणात्मक र गुणात्मक (Qualitive and Quantitative) दुवै प्रकारका तथ्याङ्कहरुको प्रयोग गरिएको छ ।

### ३.२ तथ्याङ्कका स्रोतहरु (Sources of Data)

यस अध्ययनमा मुख्यतया दुई किसिमका तथ्याङ्कहरु प्रयोग गरिएको छ । प्राथमिक तथा द्वितीय तथ्याङ्कका स्रोतहरुलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्क (**Primary Data**)

यस अध्ययनको लागि प्राथमीक तथ्याङ्कको स्रोत नमूना छनोटमा परेका अध्ययन क्षेत्रका महिलाहरु रहेका छन् ।

### ३.२.२ सहायक तथ्याङ्क (**Secondary Data**)

यस अध्ययन कार्य सम्पन्न गर्न प्राथमिक स्रोतहरुबाट मात्र नसमेटिने भइकाले द्वितीय स्रोतलाई पनि लिइएको छ । यस अन्तर्गत विभिन्न लेख रचनाहरु, पत्रपत्रिका, शोधपत्र, केन्द्रिय तथ्याङ्क विभाग, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका प्रकाशित तथा अप्रकाशित कृतिहरु, महिला आयोग, जिल्ला शिक्षा कार्यलय, गाउँ विकास समिति तथा वडाका विभिन्न प्रयोजनका निम्ति तयार गरिएका फाइल आदिबाट आवश्यक र उपयोगी तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.३ जनसङ्ख्या, नमुना आकार र नमुना छनोट रणनीति (**Population, Sample Size and Sampling Strategy**)

यो अध्ययन महिला सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदान शीर्षक अन्तर्गत मोरङ्ग जिल्लाको कोशी हरैँचा नगरपालिकाको वडा नं. ४ मा सम्पन्न गरिएको छ ।

### ३.३.१ जनसङ्ख्या (**Population**)

यस अध्ययनकर्तासँग सिमित स्रोत साधन र समयको कारणले गर्दा प्राथमिक तथ्याङ्क सङ्कलन गर्नको लागि मोरङ्ग जिल्ला अर्न्तगत कोशि हरैंचा नगरपालिका वडा नं. ४ मा रहेको जम्मा १२९९ घरधुरिमा बसोबास गर्ने कुल जनसंख्या ५४४४ मध्ये पुरुष २५५१ र महिला २८९३ छन् । त्यसैले यस अध्ययनको जनसंख्या नमुना छनोटमा परेको नगरपालिकाको वडा नं. ४ मा रहेको कुल घरधुरी संख्या १२९९ हो ।

### ३.३.२ नमुना आकार (**Sample Size**)

यस अध्ययनको नमुना आकार अध्ययन क्षेत्रमा रहेका कुल १२९९ घरधुरी मध्ये १५० घरधुरी अर्थात् ११.५४ प्रतिशत यस अध्ययनको नमुना आकार हो ।

### ३.३.३ नमुना छनोट रणनीति (**Sampling Strategy**)

यस अध्ययनको उद्देश्य बमोजिम अनुसन्धानकर्तासँग समय, आर्थिक लगानी र आवश्यक जनशक्ति अभावको कारण निश्चित मात्रालाई तथा जनसङ्ख्यालाई नमुनाको रुपमा छनोट गरिएको छ ।

१. यस अध्ययनका लागि मोरङ्ग जिल्लाको कोशि हरैंचा नगरपालिकालाई उद्देश्यात्मक नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ । किनभने यस वडा अनुसन्धानकर्ता स्वयम् बसोबासको ठाउँ भएकोले तथ्याङ्क सकंलन गर्न सजिलो होस् भन्ने उद्देश्यले यसलाई छनोट गरिएको हो ।
२. नमुना छनोटमा परेको नगरपालिकाअन्तर्गत पर्ने जम्मा १५ वटा वडा मध्ये उद्देश्यमुलक नमुना छनोट विधिको आधारमा वडा नं. ४ लाई छनोट गरिएको छ । यस वडा अनुसन्धानकर्ता स्वयम् बसोबासको ठाउँ भएकोले तथ्याङ्क सकंलन गर्न सजिलो होस् भन्ने उद्देश्यले यसलाई छनोट गरिएको हो ।
३. यस अध्ययनका लागि नमुना छनोटमा परेका वडा नं. ४ मा रहेका कुल १२९९ घरधुरि मध्ये १५० घरधुरीलाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिको आधारमा चिठ्ठा प्रणालीबाट छनोट गरिएको छ ।
४. नमुना छनोटमा परेको १५० घरधुरीमा वसोवास गर्नै १८ वर्ष देखि ६० वर्ष सम्मका विवाहित महिलाहरुको कुल संख्या २०० महिलाहरुमध्ये सम्पुर्णलाई अर्थात् शत प्रतिशतलाई संगणना विधि (census method) को आधारमा छनोट गरिएको छ ।

## ३.४ अध्ययनको क्षेत्र (**Study Area/Field**)

नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने मोरङ्ग जिल्लाको कोशी हरैंचा नगरपालिका भित्र पर्ने १५ वटा वडाहरुमध्ये वडा नं ४ अध्ययनको क्षेत्र हो ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया (**Data Collection Procedure**)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न अध्ययनकर्ता प्रश्नावली लिएर स्वयम् अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रुपमा उत्तरदाताहरुलाई भेटघाट गरी आफ्नो उद्देश्य उनीहरुसँग स्पष्ट रुपमा प्रष्ट पार्दै सूचना सङ्कलन गरिएको थियो । अध्ययनको लागि अध्ययनकर्ता स्वयम् द्वितीय तथ्याङ्क स्रोतहरुसँग पुगेर तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क सङ्कलन साधनहरु (**Tools of Data Collection**)

यस अनुसन्धानका निमित्त तथ्याङ्कहरु सङ्कलन गर्ने प्रमुख औजार प्रश्नावली हो । यस बाहेक अवलोकन र असंरक्षित अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । जसलाई यस प्रकार उल्लेख गरिएको छ ।

### ३.६.१ प्रश्नावली (**Questionnaire**)

यस अध्ययनमा तथ्याङ्कहरु सङ्कलनका लागि नमुना छनोटमा परेका महिलाहरुको लागि प्रश्नावली निर्माण गरिएको छ । निर्माण गरिएको प्रश्नावली महिलाहरुको सामाजिक अवस्था, आर्थिक अवस्था, शैक्षिक अवस्था, निर्णय प्रक्रियामा उनीहरुको भूमिका सम्बन्धी पत्ता लगाउन प्रयोग गरिएको छ । उक्त प्रश्नावलीलाई अनुसूची १ मा राखीएको छ ।

### ३.६.२ अवलोकन सूची (**Observation List**)

यस अध्ययनको उद्देश्य पुरा गर्न अध्ययनकर्ता स्वयम् नमुना छनोटमा परेका महिलाहरुको घरधुरीमा प्रत्यक्ष गएर उनीहरुले बस्दै गरेको घरको अवस्था, सरसफाई, घरभित्रको सजावट, घरवरिपरिको जग्गा जमिन, बोलीचाली, खानेपानीको अवस्था, शौचालयको अवस्था, आदि कुराहरुको बारेमा प्रत्यक्ष रुपमा अवलोकन गर्न अवलोकन सूची तयार गरिएको थियो । जसको नमुना अनुसूची २ मा देखाइएको छ ।

### ३.६.३ छलफल निर्देशिका (**Discussion Guide**)

यस अध्ययन क्षेत्रका महिलाहरुको आम्दानीको स्रोतहरु, खर्चका क्षेत्रहरु, महिला सशक्तिकरणले सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान साथै महिलाहरुले

भोगिरहेको समस्या र त्यसलाई समाधान गर्नुपर्ने महिलाहरु सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरुको लागि नमुना छनोटमा परेका महिलाहरुसँग छलफल गरी आवश्यक तथ्याङ्क सङ्कलन गर्न छलफल निर्देशिका तयार गरिएको थियो । जसको नमुना अनुसूची ३ मा देखाइएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलनका तरिकाहरु (Techniques of Data Collection)

यस अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि निम्न विधिको प्रयोग गरिएको छ ।

### ३.७.१ अन्तर्वार्ता (Interview)

यस अनुसन्धानको लागि आवश्यक तथ्याङ्क सङ्कलनका लागि अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थित भएर महिलाहरुसँग प्रत्यक्ष मौखिक अन्तर्वार्ता लिएको छ । अध्ययनलाई उद्देश्यमूलक बनाउनको लागि महिलाहरुको शैक्षिक अवस्था, आर्थिक अवस्था उनीहरुले भोगीरहेको आर्थिक, सामाजिक समस्याहरु, परिवारको किसिम, निर्णय प्रक्रियामा उनीहरुको सहभागिता आदि पक्षसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.७.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य पुरा गर्न अध्ययनकर्ता स्वयम् नमूना छनोटमा परेका महिलाहरुको घरधुरिमा प्रत्यक्ष रुपमा गएर उनीहरुले बस्दै गरेको घरको अवस्था घरभित्रको सजावट, घरभित्र र बाहिरको सरसफाई, खानेपानीको अवस्था, बोलिचाली, शौचालयको अवस्था घरवरिपरिको जग्गा जमिन, खानेपानीको अवस्था आदि कुराहरुको बारेमा प्रत्यक्ष अवलोकन स्वयम अध्ययनकर्ताको आफ्नै सहभागितामा गरिएको थियो ।

### ३.७.३ लक्षित समुह छलफल (Focused Group Discussion)

यस अध्ययनको उद्देश्य पुरा गर्ने शीलशिलामा अनुसन्धानकर्ता स्वयम्को उपस्थितिमा मिति २०७३-५-१३ गते मोरङ्ग व्यापार व्यवसायि संघको हलमा नमूना छनोटमा परेका विवाहित महिलाहरुबाट १५ जनाको समूह बनाई स्थानिय सामाजिक क्षेत्रमा सक्रिय रहनु भएकि आदरणीय दिदी शर्मिला पोखेलको सहयोगमा महिलाहरुबाट उत्तरटिपोट गरिएको थियो । यो

छलफल गर्दा लक्षित समूह छलफल निर्देशिका र छलफलको लागि प्रश्नपत्र निर्माण गरिएको थियो । जसको नमूना अनुसूची ४ मा देखाईएको छ ।

## ३.८ तथ्याङ्कको विश्लेषणका तौरतरिकाहरु (Data Analysis Procedure)

यस अध्ययनको उद्देश्य परिपूर्ति  गर्नका लागि र सङ्कलित तथ्याङ्कलाई सुव्यवस्थित तरिकाले प्रस्तुत गर्नको लागि तथ्याङ्कका सामान्य विधिहरु प्रयोग गरी प्रतिशत निकाल्ने, औषत निकाल्ने, तालिकिकरण गर्ने कार्य गरिएको छ । यसरी प्राप्त भएका तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# अध्याय चार (CHAPTER FOUR)

## ४. परिणामको विश्लेषण र व्याख्या (ANALYSIS AND INTERPRETAION OF THE RESULTS)

### ४.१ मोरङ्ग जिल्लाको परिचय (Introduction of Morang District)

नेपालका हिमाल, पहाड र तराई प्रदेशमध्ये सबै भन्दा दक्षिण पूर्व-पश्चिम फैलिएको तथा पूर्व-पश्चिम र दक्षिण भारतसँग सिमाना जोडिएर रहेको तराई भू-भाग भित्र पूर्वाञ्चल विकास क्षेत्रको कोशि अञ्चल अर्न्तगत रहेको दक्षिणि तराई भू-खण्डको एउटा जिल्लाको नाम 'मोरङ' हो । यस जिल्लाको सदरमुकाम विराटनगर हो जुन अध्ययन क्षेत्र भन्दा १६ किलोमिटर टाढा पर्दछ । नेपालको पूर्व तराईमा पर्ने यो जिल्ला प्राचीनकालमा विराटराजाको राजधानीको रुपमा प्रख्यात थियो । वि.सं. २०१८ सालको प्रशासनिक विभाजन हुनुभन्दा अगाडि ३५ जिल्ला हुँदा पनि यो एउटा जील्लामा अवस्थित थियो । जुन हाल मोरङ, सुनसरी तथा झापा जील्लाहरुमा विभाजित भएको छ । वि.सं. २०६८ मा यस जील्लाको जनसङ्ख्या ९६५,३७० थियो ।

यस जिल्लाको पूर्वि सीमाना झापा र ईलाम जील्ला, पश्चिममा सुनसरि र उत्तरमा धनकुटा र दक्षिणमा भारतको विहार प्रान्त रहेको छ । यस जिल्लमा ६५ गा.वि.स. १ उपमहानगरपालिका, २२ वटा वडा, १७ इलाका र ७ निर्वाचन क्षेत्र रहेको छ (जि.वि.स., २०७२) ।

### १. भौगोलिक अवस्था (Geographical Condition)

मोरङ जिल्लाको भौगोलिक अवस्थिति २६°४२०' देखी २६°८५०' उत्तरी अक्षांश सम्म र ८७°३८' पूर्व देखी ८८°११२' पूर्वि देशान्तरको बिचमा रहेको छ । यो जिल्ला समुन्द्र सतहबाट ९० मीटर देखी २१७९ मीटरको उचाईसम्म फैलिएको छ । यो जील्लाको मुख्य भू-भाग तराई क्षेत्रमा अवस्थित छ भने केहि भूभाग पहाडी क्षेत्रमा अवस्थित छ । कुल १८५५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएर रहेको यस जिल्लाको सीमाना पूर्वमा झापा र इलाम जिल्ला, पश्चिममा सुनसरी जिल्ला र दक्षिणमा भारतको विहार प्रान्तसँग जोडिएको

छ । भुधरातलीय विविधताले गर्दा मोरङ जिल्लाको हावापानीमा ठुलो विसमता पाईन्छ । जील्लाको होचो भू-भाग तराई क्षेत्रमा उष्ण हावापानी पाईन्छ । जिल्लाको पहाडी क्षेत्रमा न्यूनतम ५ डिग्री सेल्सियस सम्म तापक्रम र तराई क्षेत्रमा अधिकतम ४०$^{\circ}$ सेल्सियस सम्म पुग्छ । जिल्ला सदरमुकाम विराटनगरमा हिउँदमा न्यूनतम ५$^{\circ}$ सेल्सियस सम्म तापक्रम रहन्छ । वंगालको खाडीबाट निकट रहेको ठाउँ भएकोले गृष्म सयमा अत्यधिक वर्षा हुने गर्छ जिल्लामा औषत वार्षिक वर्षा ५०० मि.मि. भन्दा बढि हुने गर्छ (जि.वि.स. मोरङ्ग, २०७२) ।

## २. आर्थिक अवस्था (Economic Condition)

मोरङ्ग जिल्लाको मुख्य खेती भनेको धान, मकैं, गहुँ, तोरी, सनपाट र तरकारी खेती रहेको छ । यहाँका अधिकांश मानिसहरुको आयस्रोत कृषि भएपनि व्यापार व्यवसायमा पनि उत्तिकै संलग्न रहेको पाइन्छ । त्यस्तैगरी विभिन्न निजामति सेवा, शिक्षण पेशा वा अन्य विभिन्न पेशामा पनि आवद्ध छन् । यहाँका प्रायः मानिसहरु मध्यम परिवारका रहेका छन् । कयिपय आर्थिक सुधारको निम्ति वैदेशिक रोजगारीमा जानेको सङ्ख्या पनि प्रशस्त रुपमा पाइन्छ । यसले पनि आर्थिक विकासमा टेवा पुऱ्याएको छ । मोरङ्ग जिल्लाको केही भाग जङ्गलले ढाकेका हुनाले यहाँ विभिन्न किसीमका काठपात साथै जडीबुटीहरु समेत पाइन्छ । यस जिल्लाको अधिकांश भागमा सडकको प्रबन्ध भएको छ साथै एउटा हवाई मैदान पनि विराटनगरमा अवस्थित रहेको छ । (जि.वि.स. मोरङ्ग, २०७२)

## ३. सामाजिक अवस्था (Social Condition)

मोरङ्ग जिल्लामा विभिन्न जातजातिको बसोबास रहेको पाइन्छ । यहाँ ब्राह्मण, क्षेत्री, जनजाति, दलित, मधेसी, सतार, थारु लगायत अन्य जातजातिको पनि बसोबास रहेको पाइन्छ । यहाँ विभिन्न जातजातिको बसोबास रहे तापनि जातिय र धार्मिक सहिष्णुता रहेको छ ।

## ४. शैक्षिक अवस्था (Educational Condition)

मोरङ्ग जिल्ला शैक्षिक क्षेत्रमा अग्रगतिमा रहेको जिल्लाहरु मध्ये एक हो । शैक्षिक क्षेत्रमा उल्लेख्य रुपमा सामुदायिक तथा नीजि विद्यालयहरु सञ्चालित रहेका छन् । मोरङ्ग जिल्लाको

कुल साक्षरता ७०.६३ प्रतिशत रहेको छ । जसमा पुरुषको साक्षरता दर ७८.७३ प्रतिशत र महिलाको साक्षरता दर ६३.१३ प्रतिशत रहेको छ । त्यस्तै सरकारी तथा नीजि विद्यालयहरु ६९५ वटा रहेका छन् भने ३० वटा उच्च माध्यमिक विद्यालय, १३ क्याम्पस, १ विश्वविद्यालय र १० वटा प्राविधिक तथा व्यवसायिक शीक्षालयहरु रहेका छन् । (जि.वि.स. मोरङ्ग, २०७२)

### ५. जनसाङ्ख्यिक अवस्था (Demographic Condition)

मोरङ्ग जिल्लामा कुल जनसंख्या ९,६५,३७० रहेको छ जसमा पुरुषको जनसंख्या ४,६६,७१२ र महिलाको जनसंख्या ४,९८,६५८ रहेको छ । यहाँ मुल घरपरिवार संख्या २१३,८७० रहेको छ भने औषत परिवारसंख्या ५.०२ जना रहेको छ । वार्षिक जनसंख्या वृद्धि १.३५ प्रतिशत रहेको छ भने जनसंख्या दोब्बर हुन लाग्ने अवधि ५१ वर्ष रहेको छ । यहाँको जनघनत्व प्रति वर्ग किलोमिटर ५२० जना रहेको छ । यहाँ शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या २,०४,९४९ जना र ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनसंख्या ५,६०,४२१ जना रहेका छन् । हाल यस जिल्लाका विदेशी मुलुकमा रहेका जनसंख्या ७०४६२ जना रहेका छन् जसमा पुरुष ६२०६४ र महिला ८३९८ जना रहेका छन् । यस जिल्लामा कुल आश्रित जनसंख्या ६५.९१ प्रतिशत रहेको पाइन्छ । (जि.वि.स. मोरङ्ग, २०७२)

## ४.२ कोशि-हरैंचा नगरपालिकाको परिचय (Introduction of Koshi Haraicha Municipality)

नेपालको पूर्वाञ्चल विकास क्षेत्र मोरङ जिल्ला अन्र्तगत पर्ने कोशि-हरैंचा नगरपालिका कुनै समय मोरङ जिल्लाको सदरमुकाम समेत रहेको भनि विश्वास गरिएको हरैंचा पछि हरैंचा गा.वि.स.बाट २०३९ सालमा निर्माण भएको इन्द्रपुर गा.वि.स. र मृगौलिया गा.वि.स.लाई मिलाएर नेपाल सरकारले मिति २०७१ साल वैशाख २५ गतेको निर्णय बमोजिम यस नगरपालिकाको गठन भएको हो । यस नगरपालिका पूर्वमा मोरङको बेलवारी, उत्तरुमा चारकोशे झाडि तथा केराबारी, पश्चिममा सुन्दरदुलारी नगरपालिकासँग सीमाना जोडिएको छ (नगरपालिका कार्यालय मोरङ्ग, २०७२) ।

यस नगरपालिकामा विभिन्न समूदायका मानिसहरुको बसोबास रहेको पाईन्छ । जसमा ब्राह्मण, क्षेत्रि, नेवार, राइ, लिम्बु, तामाङ, मगर, थारु, कामी, दमाइ आदि रहेकको छ (नगरपालिका कार्यालय मोरङ्ग, २०७२) ।

### १. भौगोलिक अवस्था (Geographical Position)

मोरङ जिल्लामा अवस्थित कोशि-हरैंचा नगरपालिका पुर्वमा मोरङको वेलवारी नगरपालिका, उत्तरमा चारकोशे झाडि तथा केरावारी, पश्चिममा सुन्दरदुलारी नगरपालिकासँग सीमाना जोडिएको छ । यस नगरपालिकाको भौगोलिक अवस्थिति हेर्दा २६°३६'३" उत्तरी अक्षांस देखि २६°४२'३६" उत्तरि अक्षांस सम्म तथा ८६°१९'१३" देखी ८६°२४'४०" पूर्वि देशान्तरमा रहेको समथर तराई क्षेत्रमा पर्ने यस नगरपालिकाको कुल क्षेत्रफल ६४.२९ वर्ग कि.मि. रहेको छ । नगरपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्भर जमिनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ ।

### २. शैक्षिक अवस्था (Educational Condition)

कोशि-हरैंचा नगरपालिकामा विद्यालय र समुदायमा आधारित बाल विकास केन्द्र २३ वटा सञ्चालनमा रहेका छन् । त्यस्तै प्रा.वि. १५ नि.मा.वि. ८ र मा.वि. ७ सरकारी स्तरका विद्यालयहरु संचालनमा रहेका छन् । त्यस्तै पूर्वाञ्चलको वहुप्रतिष्ठित क्याम्पसहरु मध्येको एक श्री सुकुना बहुमुखी क्याम्पस पनि यहि रहेको छ जहाँ स्नातकोत्तर सम्मको अध्ययन विभिन्न विषयहरुमा सञ्चालनमा रहेको छ । त्यस्तै अन्य नीजी स्तरका विद्यालयहरु र क्याम्पसहरु पनि सञ्चालनमा रहेका छन् (नगरपालिका कार्यालय मोरङ्ग, २०७२) ।

### ३. सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Condition)

कोशी हरैंचा नगरपालिकामा विभिन्न जातजातिको बसोबास रहेको छ । यहाँ क्षेत्री, ब्राह्मण, मगर, सतार, तेली, दमाई, लिम्बु, कामी, थारु, तामाङ्ग, हलुवाई, झागड, धिमाल, राजवंशी, सुनुवार, माझि, मधेसी आदि विभिन्न जातिहरको बसोबास रहेको छ र उनीहरुको आ-आफ्नै धार्मिक, साँस्कृतिक, भाषिक र जीवनशैलीमा विविधता रहेको देख्न पाइन्छ । यहाँ हिन्दु, मुश्लिम, बौद्ध तथा किरात धर्मको बाहुल्यता रहेकोले विभिन्न धार्मिक स्थलहरु पनि रहेको छ । (नगरपालिका कार्यालय मोरङ्ग, २०७२)

## ४. आर्थिक अवस्था (Economic Condition)

कोशी हरैँचा नगरपालिकामा कृषि लगायत मानिसहरु विभिन्न पेशा, व्यवसायमा आवद्ध रहेका छन् साथै केही मानिसहरु निजामति सेवा, शिक्षक सेवामा आवद्ध रहेका छन् भने केही मानिसहरु वैदेशिक रोजगारीका लागि अन्य मुलुकमा गएका छन् । यस नगरपालिकामा सञ्चार तर्फ पनि उल्लेखनीय विकास भएको पाइन्छ । रेडियो, टि. भी. देखि लिएर अतिरिक्त हुलाकको साथै नेपाल टेलिकम, ऐनसेल, युटिएल, कम्पनीका सेवाहरु र ल्याण्ड लाइन फोनको पनि सुविधा रहेको छ । खानेपानीको लागि पनि ट्याङ्कीको व्यवस्था रहेको छ । जसको कारण घरघरमा धारको राम्रो व्यवस्था रहेको छ । यहाँ शिक्षा, स्वास्थ्य, यातायातको साधनको व्यवस्था राम्रो रहेको छ । यस नगरपालिकामा स्वास्थ्य सेवा तर्फ हेर्दा स्वास्थ्य चौकिका साथै विभिन्न क्लिनिक, चौबिस घन्टे सेवा सहितका ४ वटा सामुदायिक अस्पताल समेत रहेको छ । बैंक तथा वित्तिय संस्थाहरुको अवस्थालाई हेर्दा कृषिविकास बैंक विराटलक्ष्मी बैंक, सनराइज बैंक लगायतका अन्य बैंकहरु पनि रहेका छन् । (नगरपालिका कार्यालय मोरङ्ग, २०७२)

## ५. स्वास्थ्यको अवस्था (Health Condition)

पूर्वाञ्चल विकास क्षेत्रको तराई भागमा अवस्थित यस नगर सुगम रहनुका साथै स्वास्थ्य, सरसफाई तथा समुदायको स्वास्थ्यकर बानी व्यवहार पनि अनुकुल देखिन्छ । राजनीतिक रुपमा १५ वडाहरुमा विभाजित यस नगरमा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छन् । नगरमा ४ वटा निजि तथा सामुदायिक अस्पताल, त्यसका अतिरिक्त नगरमा प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकि १, उपस्थास्थ्य चौकि १ साथै अन्य क्लिनिकहरु पनि रहेका छन् । तथापी ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको देखिन्छ ।

यस नगरमा आपतकालिन प्रसुति सेवाको कमीका कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्युदरको सबैभन्दा प्रमुख कारण बनेको छ । समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरुको गम्भीरता सम्बन्धि बुझाईमा कमी, औषधी उपचार प्रणाली माथीको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागी यात्रा गरि रहनुपर्ने दुरि सम्बन्धि कुराहरु, सेवाको लागत परम्परागत विश्वास, गरिवि न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध

प्रकारका तत्वहरुको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ (नगरपालिका कार्यालय मोरङ्ग, २०७२)

### ६. हावापानी (Weather)

जलवायुको हिसावले यस नगरपालिकामा उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ । वार्षिक वर्षा सरदर १८९२ मिलिमिटर हुने गर्दछ । विशेष गरी जेठ महिनादेखी भदौ महिनासम्म निकै गर्मि हुने यस नगरपालिकामा पुस र माघ महिनामा ज्यादै जाडो हुन्छ । गर्मियाममा यहाँको तापक्रम अधिकतम ३०.२ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्यूनतम १९.० डिग्रि सेल्सियससम्म पुग्न जान्छ (नगरपालिका कार्यालय मोरङ्ग, २०७२) ।

### ७. बसाईसराईको अवस्था (Migration)

तराईका जिल्लाहरुमा बसाई-सराईको इतिहास वि.सं. २०१९ सालदेखि प्रारम्भ भएको मान्न सकिन्छ । यस नगरमा धनकुटा, भोजपुर, पाँचथर, झापा, धनुषा, सर्लाहि, रामेछाप, सोलुखुम्बु, उदयपुर, इलाम, सप्तरि, खोटाङ्ग, ताप्लेजुङ आदि विभिन्न जिल्लाहरुबाट धेरै सङ्ख्यामा परिवारहरु बसाई सरि आएको पाईन्छ । यसरी बसाई सरि आउनुका विभिन्न कारणहरु छन् । जस्तै : आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार, रोजगार आदि कारण हुन् । यस नगरमा मलिलो माटो, तराईको सुगम नगर भएकोले खेति, व्यापार, शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरु पहाडको तुलनामा सुलभ र सस्तो हुनाले समेत विशेषत छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जील्लाहरुबाट समेत बसाईसराई तिव्र भएको पाईन्छ । यस नगरको जनसङ्ख्या वृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौति मुल कारकतत्व समेत बसार्यसराई नै बन्न पुगेको देखिन्छ । (नगरपालिका कार्यालय मोरङ्ग, २०७२)

### ८. शैक्षिक अवस्था (Educational Condition)

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण रुपमा रहेको शिक्षा क्षेत्रमा यस नगर अन्य नगरको तुलनामा केहि अगाडि रहेको देखिन्छ । पछिल्लो राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरको साक्षरतावाद र ७५.४६ प्रतिशत रहेको छ । लैङ्गिक हिसावले यो नगरमा पनि अन्यत्र झै केहि विभेद रहेको पाईन्छ । यस नगरमा पुरुषको साक्षरता दर ८३.३घ

प्रतिशतको तुलनामा महिलाको साक्षरता ६८.६५ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग १५ प्रतिशतको फरक देखिन्छ।

### ९. जनसाङ्खिक अवस्था (Demographic Condition)

राष्ट्रिय जनगाण्ना २०६८ अनुसार कोशि-हरैँचा नगरपालीकाको जनसङ्ख्या ४७,७८२ जना रहेको छ । जसमध्ये पुरुष ४६.७५ प्रतिशत अर्थात् २२३३८ र महिला ५३.२५ प्रतिशत अर्थात् २५.४४४ जना रहेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० महिलामा पुरुषको सङ्ख्या ८७.७९ प्रतिशत रहेको छ । जनगणना २०६८ मा वार्षिक जनसङ्ख्या वृद्धिदर २.७२ प्रतिशत रहेको छ । यही वृद्धिदर कायम रहेमा जनसङ्ख्या दोब्बर हुन करिव २६ वर्ष लाग्ने देखिन्छ । जनघनत्व ७४३ प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कोशि हरैंचा नगरपालिकामा १०३५९ घरपरिवार रहेका छन् ।

## ४.३ नमुना छनोट घरपरिवारको जनसांख्यिकीय अवस्था (Demographic Condition of Sampled Family Size)

मोरङ्ग जिल्लाको कोशी हरैँचा नगरपालिका अन्तर्गत वडा नं. ४ मा रहेका जम्मा १२९९ घरपरिवारमध्ये छनोटमा परेका १५० घरपरिवारको पारिवारिक जनसङ्ख्या अवस्थाको अध्ययन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तल प्रस्तुत गरिएको छ ।

### ४.३.१ उमेरगत जनसङ्ख्या (Agewise Population)

नमुना छनोटमा परेका १५० घरधुरीमा बसोबास गर्ने जम्मा जनसंख्या ७२३ जना हुन् । जसमा महिला र पुरुषको ०-४ वर्ष, ५-१४ वर्ष, १५-५९ वर्ष र ६० भन्दा माथीको उमेर समूहको आधारमा अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त संख्यालाई निम्न तालिकामा देखाइएको छ ।

## तालिका ४.१

### नमुना छनोट क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको उमेरगत विवरण - २०६३

| उमेर वर्षमा | जनसङ्ख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| ०–४ | १५ | ११ | २६ | ३.५९ |
| ५–१४ | ७१ | ७६ | १४७ | २०.३४ |
| १५–५९ | २३८ | २४५ | ४८३ | ६६.८१ |
| ६० भन्दा माथी | ३९ | २८ | ६७ | ९.२६ |
| जम्मा | ३६३ | ३६० | ७२३ | १०० |
| औषत पारिवारिक आकार = कुल जनसंख्या ÷ कुल घरपरिवार संख्या = ७२३ ÷ १५० = ४.८२ | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

नमुना छनोट क्षेत्रको उमेरगत जनसङ्ख्या हेर्दा सबैभन्दा बढि १५-५९ समूहमा ४८३ अर्थात् ६६.८१ प्रतिशत, त्यस्तै सबैभन्दा कम ०-४ उमेर समूहमा २६ अर्थात् ३.५९ प्रतिशत जनसङ्ख्या र ५-१४ उमेर समुहमा १४७ अर्थात् २०.३४ प्रतिशत जनसङ्ख्या र ६० वर्ष भन्दा माथी ६७ अर्थात् ९.२६ प्रतिशत जनसङ्ख्या रहेको पाईयो ।

### ४.३.२ पेशाको आधारमा जनसंख्या (**Population on the basis of Occupation**)

यस अध्ययन क्षेत्रमा रहेका जनसङ्ख्यामध्ये नमूना छनोटमा परेका घरपरिवारमध्ये सबैभन्दा बढि कृषि पेशामा संलग्न भएको पाईयो । यस अध्ययनमा नमूना छनोट परेका १५० घरपरिवारमा वालवालिकाहरु जन्मदेखी १५ वर्षसम्मका १७३ जना रहेका छन् । त्यस्तै ६० वर्ष भन्दा माथीको जनसंख्या ६७ जना रहेको छन् । तीनीहरुलाई यस अध्ययनमा विश्लेषण गरिएको छैन । जसलाई निम्नानुसार देखाईएको छ ।

### तालिका ४.२

### पेशाको आधारमा जनसङ्ख्या विवरण २०७३

| क.सं. | पेशागत विवरण | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | २०५ | ४२.४५ |
| २. | नोकरी | ६३ | १३.०४ |
| ३. | व्यापार | ६१ | १२.६३ |
| ४. | ज्याला मजदुरि | ६२ | १२.८४ |
| ५. | वैदेशिक रोजगारी | ९२ | १९.०४ |
| | जम्मा | ४८३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२ अनुसार अध्ययन क्षेत्रमा रहेका १५० घरपरिवारको जनसङ्ख्यालाई पेशागत आधारमा अध्ययन गर्दा कृषिमा २०५ अर्थात् ४२.४५ प्रतिशत जनसङ्ख्या, नोकरीमा ६३ अर्थात् १३.०४ प्रतिशत जनसङ्ख्या त्यस्तै व्यापारमा ६१ जनसङ्ख्या अर्थात् १२.६३ प्रतिशत, ज्याला मजदुरीमा ६२ अर्थात् १२.८४ प्रतिशत र वैदेशिक रोजगारीमा ९२ अर्थात् १९.०४ प्रतिशत जनसङ्ख्या संलग्न रहेको पाईयो ।

### ४.३.३ जातिगत आधारमा जनसङ्ख्या ( **Population on the basis of Ethnicity**)

नमुना छनोट क्षेत्रमा विभिन्न जातजातिहरुको वसोवास रहेको पाईयो । नमुना छनोटमा परेका १५० घरपरिवारको जनसङ्ख्यालाई जातिगत आधारमा तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**

**जातिगत आधारमा जनसङ्ख्या विवरण २०७३**

| **विवरण** | **जनसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | २९३ | ४०.५३ |
| थारु | २४ | ३.३२ |
| नेवार | ६२ | ८.५७ |
| राई | ३९ | ५.३९ |
| लिम्बु | ४७ | ६.५१ |
| दमाई | ४६ | ६.३७ |
| तामाङ्ग | ३९ | ५.३९ |
| मगर | ६६ | ९.१३ |
| तेली | ४४ | ६.०८ |
| कामी | २० | २.७६ |
| झागड | २२ | ३.०५ |
| अन्य | २१ | २.९० |
| जम्मा | ७२३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोट क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्यालाई जातिगत रुपमा हेर्दा सबैभन्दा बढि ब्राह्मण/क्षेत्रि २९३ अर्थात् ४०.५३ प्रतिशत रहेको पाइयो । त्यस्तै थारु २४ अर्थात् ३.३२ प्रतिशत, नेवार ६२ जना अर्थात् ८.५७ प्रतिशत रहेको पाईयो । त्यस्तै राई ३९ अर्थात् ५.३९ प्रतिशत, लिम्बु ४७ अर्थात् ६.५१ प्रतिशत दमाई ४६ अर्थात् ६.२७ प्रतिशत रहेको पाईन्छ । तामाङ्ग ३९ अर्थात् ५.३९ प्रतिशत, मगर ६६, अर्थात् ९.१३ प्रतिशत, तेलि ४४ अर्थात् ६.०८ प्रतिशत, कामी २० अर्थात् २.७६ प्रतिशत, झागड २२ अर्थात् ३.०५ प्रतिशत र अन्य २१ अर्थात् २.९० प्रतिशत रहेको पाईयो ।

## ४.४ नमुना छनोट महिलाहरुको सामाजिक अवस्था (**Social Condition of Sampled Women**)

सामाजिक अवस्था अन्तर्गत परिवारको किसिम, छोराछोरीप्रतिको धारणा, घरायसी कामकाजमा पुरुषको सहयोग, दाइजो प्रथा सम्बन्धी धारणा, विवाह गर्दाको उमेर, विरामी हुँदा जाने ठाउँ आदिको बारेमा विश्लेषण गरिएको छ ।

### ४.४.१ परिवारको किसिम (**Family Structure**)

अध्ययन क्षेत्रमा बसोबास गर्ने उत्तरदाता महिलाहरुको परिवारको किसिम कस्तो छ भन्ने बारेमा जानकारी लिनको लागि प्रश्नावली समावेश गरिएको थियो । जसबाट प्राप्त परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**

**नमुना छनोटमा परेका महिलाहरुको परिवारको किसिम - २०७३**

| क्र.स. | परिवारको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकल | १४० | ७० |
| २. | संयुक्त | ६० | ३० |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

यस तालिका अनुसार ७० प्रतिशत महिलाहरु एकल परिवारमा बसोबास गरेको पाइयो भने ३० प्रतिशत महिलाहरु संयुक्त परिवारमा बसेको पाइयो ।

### ४.४.२ छोराछोरीप्रतिको चाहना (**Concept of the Children**)

नमुना छनोटमा परेका महिलाहरुको छोरा र छोरीमा कसको चाहना बढी छ वा छोराछोरीप्रतिको धारणा कस्तो छ भनि प्रश्नावली समावेश गरिएको थियो । यसको विवरण निम्नानुसार रहेको छ ।

**तालिका ४.५**

**छोराछोरीप्रतिको चाहना विवरण - २०७३**

| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छोरा | ८० | ४० |
| २. | छोरी | ५० | २५ |
| ३. | दुवै | ७० | ३५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार ४० प्रतिशत महिलाहरुले छोरा नभई नहुने, बुढेसकालको साहारा छोरा हुन्छ भन्ने धारणा राखेको पाइयो भने २५ प्रतिशतले छोरीमात्र भए पनि हन्छ भन्ने धारणा राखेको पाइयो । त्यस्तै छोरा र छोरी दुवैको चाहना राख्ने ३५ प्रतिशत पाइयो ।

### ४.४.३ घरायसी कामकाजमा पुरुषको सहयोग (Male Helpness for House Works)

प्राय: जसो महिलाहरु घरायसी कामकाजमा नै व्यस्त रहन्छन् । विहान सबैभन्दा पहिला उठ्ने र बेलुका सबै काम सकेपछि ढिलो सुत्ने महिलानै हुन्छन् । घरायसी कामकाजको साथै खेतीपाती र जागीरमा पनि महिलाहरु संलग्न रहेको पाइयो । नमुना छनोटमा परेका महिलाहरुले घरायसी कामकाजमा पुरुषको सहयोग प्राप्त गरेका छन्, छैनन् भन्ने कुरा तल तालिकामा प्रष्ट रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**घरायसी काममा पुरुषको सहयोगको विवरण - २०७३**

| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पाउँछु | ७१ | ३५.५ |
| २. | पाउँदिन | ४५ | २२.५ |
| ३. | अलिअलि मात्र पाउँछु | ८४ | ४२ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार घरायसी कामकाजमा ३५.५ प्रतिशत महिलाहरुलाई पुरुषले सहयोग गरेको पाइयो भने २२.५ प्रतिशत महिलाहरुलाई पुरुषले कुनै पनि काममा सहयोग गरिएको पाइएन । त्यस्तै ४२ प्रतिशत महिलाहरुलाई केही काममा अलिअलि मात्र सघाइएको पाइयो ।

### ४.४.४ दाइजो प्रथासम्बन्धी धारणा (Concept of Denary System)

दाइजो प्रथा नेपाली समाजमा एउटा प्रमुख परम्पराको रुपमा रहँदै आएको छ । दाइजोको नाममा विभिन्न घटनाहरु दिनप्रतिदिन सुन्नमा आइरहेको छ । त्यसकारण अध्ययनमा परेका महिलाहरुलाई छोरीलाई दाइजो दिनु ठिक छ वा छैन भनेर प्रश्नावली समावेश गरिएको थियो जसबाट प्रश्न गर्दा निम्न उत्तर पाइयो ।

**तालिका ४.७**

**महिलाहरुको दाइजो प्रथा सम्बन्धी धारणा - २०७३**

| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ठिक | ५४ | २७ |
| २. | बेठिक | १४६ | ७३ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार २७ प्रतिशत महिलाहरुले अझैपनि दाइजो प्रथालाई मान्यता दिएको पाइयो भने ७३ प्रतिशत महिलाहरु दाइजो प्रथाको विरोधी रहेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने महिलाहरुमा अझै पनि चेतनाको कमि र यसको लागि शिक्षाको आवश्यकता रहेको पाइयो । दाइजो दिनसकेमा छोरीलाई सजिलैसँग घर खान सक्ने कुरामा विश्वास गरी छोरीलाई दाइजो दिने कुरामा जोड दिएको पाइयो ।

### ४.४.५ धर्म अनुसार महिलाहरुको विवरण (**Distribution of Sampled Women by Religion**)

यस अध्ययन क्षेत्रका महिलाहरुमा धार्मिक रुपमा पनि विभिन्नता पाइयो । आ-आफ्नो जातिय विभिन्नतासँगै धार्मिक रुपमा पनि भिन्नता रहेको पाइन्छ । यसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**धर्म अनुसार महिलाहरुको विवरण - २०७३**

| क.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | १६८ | ८४ |
| २. | बौद्ध | २१ | १०.५ |
| ३. | इसाई | ७ | ३.५ |
| ४. | अन्य | ४ | |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा हिन्दु धर्म मान्ने सबैभन्दा बढी ८४ प्रतिशत रहेको पाइयो । त्यस्तै बौद्ध धर्म मान्ने १०.५ प्रतिशत, इसाई धर्म मान्ने ३.५ प्रतिशत र अन्य नयाँ धर्म मान्ने २ प्रतिशत महिलाहरु रहेको पाइयो ।

### ४.४.६ विवाह गर्दाको उमेर (**Age of Marriage**)

परम्परागत धारणा अनुसार सानै उमेरमा छोरीको विवाह गरेमा धर्म कमाउने जनविश्वासको कारण कलिलो उमेरमा नै छोरीको विवाह गरिए तापनि हाल यो धारणामा कमी आएको पाइन्छ । नमुना छनोटमा परेका महिलाहरुको विवाह कुन उमेरमा भएको रहेछ अध्ययन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ ।

## तालिका ४.९

## महिलाहरुको विवाह गर्दाको उमेरको विवरण - २०७३

| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १०-१५ | ४१ | २०.५ |
| २. | १६-२० | ५२ | २६ |
| ३. | २१ भन्दा माथि | १०७ | ५३.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार २१ वषएभन्दा माथि सबैभन्दा बढी ५३.५ प्रतिशत महिलाहरुको विवाह भएको पाइयो भने सबैभन्दा कम १०-१५ वर्षका २०.५ प्रतिशत महिलाहरुको सानै उमेरमा विवाह भएको पाइयो । त्यस्तै २६ प्रतिशत महिलाहरुको १६-२० वर्षको उमेरमा विवाह भएको पाइयो ।

## ४.५ नमुना छनोटमा परेका महिलाको आर्थिक अवस्था (Economic Condition of Sampled Women)

महिला सशक्तिकरण हुनको लागि विभिन्न पक्षहरुको आवश्यकता पर्दछ । तिनीहरुमध्ये आर्थिक अवस्थासँग सम्बन्धित तत्वहरु पेशा, आम्दानी, खर्च, बचत हुन् जसलाई निम्नानसार प्रस्तुत गरिएको छ ।

### ४.५.१ महिलाहरुको व्यक्तिगत आर्थिक अवस्था (Personal Economic Condition of Women)

नमुना छनोटमा परेका महिलाहरुले के-कस्ता पेशा अपनाएका छन् कति आय प्राप्त गर्छन् कस्ता क्षेत्रमा के-कति खर्च गर्दछन् कति बचत गर्दछन् भन्ने कुरालाई महिलाको व्यक्तिगत आर्थिक अवस्था अध्ययन गरिएको छ ।

### १. महिलाहरुको पेशागत अवस्था (**Professional Condition of Sampled Women**)

मानिसहरु आफ्नो जीविकोपार्जनको लागि कुनै न कुनै पेशामा आवद्ध हुन्छन् । कृषि, व्यापार, उद्योग, नोकरी वा अन्य कुनै न कुनै व्यवसाय रोजगारीका स्रोतहरु हुन् । नमुना छनोटमा परेका महिलाहरुले अपनाउने गरेका पेशागत विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०**

**नमुना छनोटमा परेका महिलाहरुको पेशागत विवरण - २०७३**

| क.स. | पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ८३ | ४१.५ |
| २. | व्यापार | ३८ | १९ |
| ३. | नोकरी | २२ | ११ |
| ४. | ज्यालामजदुरी | ४९ | २४.५ |
| ५. | वैदेशिक रोजगार | ८ | ४ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरु ४१.५ प्रतिशत कृषि पेशामा सबैभन्दा बढी संलग्न रहेको पाइयो । त्यसैगरी व्यापारमा १९ प्रतिशत, नोकरीमा ११ प्रतिशत, ज्यालामजदुरीमा २४.५ प्रतिशत र वैदेशिक रोजगारीमा सबैभन्दा कम ४ प्रतिशत महिलाहरु संलग्न रहेको पाइएको छ ।

### २. महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी (**Sectoral Income of Sampled Women**)

नमुना छनोटमा परेका महिलाहरुले के-कस्ता पेशा वा स्रोतबाट आम्दानी प्राप्त गर्दछन् त्यसको अध्ययन गरिएको थियो । छनोटमा परेका महिलाहरुको स्रोतगत आम्दानी विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

## तालिका ४.११

### महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी विवरण - २०७३

| क.स. | स्रोत | आम्दानी (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | २४९३३००० | ३९.९४ |
| २. | नोकरी | ७३९२००० | ११.८४ |
| ३. | व्यापार | १८२४०००० | २९.२२ |
| ४. | ज्यालामजदुरी | ७०५६००० | ११.३० |
| ५. | वैदेशिक रोजगारी | ४८००००० | ७.६९ |
| जम्मा | | ६२४२१००० | १०० |
| वार्षिक औसत ३१२,१०५ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार र नमुना छनोट महिलाहरुको व्यक्तिगत स्रोतगत आम्दानीको विवरण हेर्दा कृषिबाट रु. २४९३३००० अर्थात् ३९.९४ प्रतिशत नोकरीबाट रु. ७३९२००० अर्थात् ११.८४ प्रतिशत, व्यापारबाट रु. १८२४०००० अर्थात् २९.२२ प्रतिशत, ज्यालामजदुरीबाट रु. ७०५६००० अर्थात् ११.३० प्रतिशत र वैदेशिक रोजगारीबाट रु. ४८००००० अर्थात् ७.६९ प्रतिशत गरी जम्मा रु. ६२४२१००० आम्दानी रहेको पाइयो ।

### ३. महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानी (Levelwise Income of Sampled Women)

नमुना छनोट महिलाहरुको आर्थिक अवस्थाको अध्ययनको क्रममा उनीहरुको तहगत आम्दानीलाई पनि अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त आम्दानीको नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ४.१२


## नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत तहगत वार्षिक आम्दानी- २०७३

| क.स. | तहगत आम्दानी (हजारमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ०-५० | २४ | १२ |
| २. | ५०-१०० | ६५ | ३२.५ |
| ३. | १००-१५० | ६१ | ३०.५ |
| ४. | १५०-२०० | ३३ | १६.५ |
| ५. | २०० भन्दा माथि | १७ | ८.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका २०० महिलाहरुको व्यक्तिगत तहगत आम्दानीलाई हेर्दा ५० हजार सम्म आम्दानी प्राप्त गर्ने महिलाहरु २४ जना अर्थात् १२ प्रतिशत, त्यस्तै पचास हजार देखि एक लाख सम्म ६५ जना अर्थात् ३२.५ प्रतिशत रहेका छन् । त्यस्तै गरी १ लाख ५० हजारसम्म आम्दानी गर्ने ६१ जना अर्थात् ३०.५ प्रतिशत र १ लाख ५० हजार देखी २ लाख सम्म ३३ जना अर्थात् १६.५ प्रतिशत र २ लाख भन्दा माथि १७ जना अर्थात् ८.५ प्रतिशत आम्दानी प्राप्त गर्ने गरेको पाइयो ।

चित्र ४.१
महिलाहरुको वार्षिक आम्दानी विवरण २०७३



## ४. महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च (**Sectoral Expenditure of Sampled Women**)

नमुना छनोटमा परेका महिलाहरुले प्राप्त गरेको आफ्नो व्यक्तिगत आम्दानीबाट के-कस्ता क्षेत्रमा के-कति खर्च गर्दा रहेछन् भनी अध्ययन गरिएको थिया, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३**

**महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च- २०७३**

| **क.स.** | **खर्च विवरण** | **खर्च (रु. मा)** | **प्रतिशत** |
|---|---|---|---|
| १. | उपभोग | १२७६५३२१ | ३१.१० |
| २. | शीक्षा | १०२३१४५२ | २४.९२ |
| ३. | स्वास्थ्य | ३१३८४०४ | ७.६४ |
| ४. | चाडपर्व | ३६१५४०१ | ८.८१ |
| ५. | अन्य | १०२९०४२२ | २७.५१ |
| जम्मा | | ४१०४१००० | १०० |
| वार्षिक औसत खर्च २०५,२०५ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुको क्षेत्रगत खर्चको रुपमा सबैभन्दा बढी उपभोग (खाद्यान्न) मा रु. १२७६५३२१ अर्थात् ३१.१० प्रतिशत र शिक्षामा रु. १०२३१४५२ अर्थात् २४.९२ प्रतिशत स्वास्थ्यमा रु. ३१३८४०४ अर्थात् ७.६४ प्रतिशत, चाडपर्वमा रु. ३६१५४०१ अर्थात् ८.८१ प्रतिशत र अन्यमा रु. १०२३१४५२ अर्थात् २७.५१ गरी जम्मा कुल क्षेत्रगत वार्षिक खर्च रु. ४१०४१००० रहेको पाइयो ।

### ५. महिलाहरुको व्यक्तिगत तहगत वार्षिक खर्चको अवस्था (**Condition of Expenditure**)

पारिवारिक जीवनस्तर निर्धारण गर्ने एउटा महत्वपूर्ण पक्ष खर्चको अवस्था पनि हो । नमुना छनोट महिलाहरुको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरुको खर्चको विवरणको पनि अध्ययन गरिएको थियो जसबाट प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१४**


**नमुना छनोटमा परेका महिलाहरुको तहगत वार्षिक खर्च विवरण - २०७३**

| क.स. | तहगत खर्च (रु. हजारमा) | महिला सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ०-५० | ४६ | २३ |
| २. | ५०-१०० | ७९ | ३९.५ |
| ३. | १००-१५० | ६२ | ३१ |
| ४. | १५० देखि माथि | १३ | ६.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका महिलाहरुले गर्ने खर्चलाई तहगत रुपमा हेर्दा ५० हजार सम्म खर्च गर्ने महिला सङ्ख्या ४६ अर्थात् २३ प्रतिशत त्यस्तै ५० हजार देखि १ लाख सम्म खर्च गर्ने ७९ जना अर्थात् ३९.५ प्रतिशत र १ लाख देखि १ लाख ५० हजार सम्म खर्च गर्ने ६२ जना अर्थात् ३१ प्रतिशत १ लाख ५० हजार देखि माथि खर्च गर्ने १३ जना अर्थात् ६.५ प्रतिशत महिलाहरु पाइयो ।

चित्र ४.२
महिलाहरुको तहगत खर्च विवरण - २०७३




## ६. महिलाहरुको व्यक्तिगत बचत (**Personal Save of Women**)

नमुना छनोटमा महिलाहरुको बचतको स्थितिबारे अध्ययन गर्दा निम्न अवस्था पाइयो । जसलाई तल देखाइएको छ ।

**तालिका ४.१५**

**महिलाहरुको व्यक्तिगत बचत - २०७३**

| विवरण | वार्षिक आम्दानी | वार्षिक खर्च | वार्षिक बचत |
|---|---|---|---|
| कुल | रु. ६,२४,२१००० | रु. ४१,०४,१००० | रु. २,१३,८०००० |
| औषत | रु. ३१२,१०५ | रु. २०५,२०५ | रु. १०६,९० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

यस अध्ययन क्षेत्रमा नमुना छनोट महिलाहरुको बचतको स्थितिबारे अध्ययन गर्दा महिलाहरुको व्यक्तिगत आम्दानी रु. ६२४२१००० अर्थात् औषत वार्षिक आम्दानी ३१२,१०५ रहेको पाइयो भने खर्च रु. ४१०४१००० अर्थात् औषत वार्षिक खर्च २०५,२०५ रहेको पाइयो, त्यस्तै बचत रु. २१३८०००० अर्थात् औषत वार्षिक बचत रु. १०६,९० गरेको पाइयो ।

### ४.५.२ नमुना छनोटमा परेका महिलाहरुको घरायसी आर्थिक अवस्था (Household Economic Condition of Sampled Women)

नमूना छनोटमा परेको महिलाहरुको घरपरिवारको पेशा मुख्यतया कृषिमा निर्भर रहेको पाइएको छ । त्यसपछि मात्र अन्य व्यापार व्यवसाय, नोकरी, वैदेशिक रोजगारी जस्ता स्रोतबाट आय आर्जन गरेको पाइयो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**१. पारिवारिक स्रोतगत आम्दानी (Sectral Family Income)**

महिलाहरुको आर्थिक अवस्था विकास गराउन उनीहरुको परिवारको आम्दानीले पनि प्रत्यक्ष प्रभाव पार्दछ । यस अध्ययनमा नमूना छनोट १५० घरपरिवार भित्र रहेका महिलाहरुको पारिवारिक स्रोतगत आम्दानीको अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त नतिजा यस प्रकार छ ।

**तालिका ४.१६**

**पारिवारिक स्रोतगत आम्दानी २०७३**

| **क्र.सं.** | **स्रोत** | **आम्दानी (रु. मा)** | **प्रतिशत** |
|---|---|---|---|
| १. | कृषि | ७३३२४००० | ३३.७४ |
| २. | व्यापार | २११६८००० | ९.७४ |
| ३. | नोकरी | ३६६००००० | १६.८४ |
| ४. | वैदेशिक रोजगारी | ८९२८००० | ४.१० |
| ५. | ज्यालामजदुरी | ७७२८०००० | ३५.५६ |
|  | जम्मा | २१७३०००००० | १०० |
|  | औषत पारिवारिक आम्दानी | ३००,५५३.२५ |  |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमूना छनोटमा परेका घरपरिवारको आम्दानीको स्रोतहरु अन्तर्गत कृषिबाट रु. ७३३२४००० हजार अर्थात् ३३.७४ प्रतिशत, व्यापारबाट रु. २११६८००० हजार अर्थात् ९.७४ प्रतिशत त्यस्तैगरी नोकरीबाट रु. ३६६००००० हजार अर्थात् १६.८४

प्रतिशत वैदेशीक रोजगारीबाट रु. ८९२८००० हजार अर्थात् ४.१० प्रतिशत, ज्याला मजदुरिबाट रु. ७७२८०००० हजार अर्थात ३५.५६ प्रतिशत आम्दानी प्राप्त गरेको पाइयो ।

## २. तहगत पारिवारिक आम्दानी (Levelwise Family Income)

नमूना छनोटमा परेका महिलाहरुको आर्थिक अवस्थाको अध्ययन गर्दा उनीहरुको तहगत आम्दानीलाई पनि अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७**

**नमूना छनोट महिलाहरुको पारिवारिक आम्दानी विवरण - २०७३**

| क.सं. | तहगत आम्दानी | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २०० हजार- ४०० हजार | २८ | १८.७ |
| २. | ४०० हजार - ६०० हजार | ३१ | २०.६ |
| ३. | ६०० हजार - ८०० हजार | ६३ | ४२ |
| ४. | ८०० हजार देखी माथी | २८ | १८.७ |
| | जम्मा | १५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथीको तालिका अनुसार नमुना छनोटमा परेका १५० घरपरिवारले के-कति तहगत रुपमा आम्दानी प्राप्त गर्दछन् भन्ने देखाईएको छ । जस अर्न्तगत २०० हजार देखि ४०० हजार प्राप्त गर्ने २८ परिवार अर्थात् १८.७ प्रतिशत, ४०० हजार देखि ६०० हजार प्राप्त गर्ने ३१ परिवार अर्थात् २०.६ प्रतिशत, ६०० हजार देखि ८०० हजार प्राप्त गर्ने ६३ परिवार अर्थात् ४२ प्रतिशत र ८०० हजार देखी माथि आम्दानी प्राप्त गर्ने २८ घरपरिवार अर्थात् १८.७ प्रतिशत पाईयो ।

### ३. क्षेत्रगत वार्षिक पारिवारिक खर्च (Sector Familywise Expenditure)

नमूना छनोट महिलाहरुको क्षेत्रगत वार्षिक पारिवारिक खर्च कति हुन्छ भनी प्रश्न सोधिएको थियो । उत्तरदाता महिलाहरुले दिएका उत्तरका आधारमा उनीहरुको वार्षिक पारिवारिक खर्चलाई तल तालीकामा देखाइएको छ ।

**तालिका ४.१८**

**नमूना छनोट महिलाहरुको क्षेत्रगत वार्षिक पारिवारिक खर्च २०७३**

| क्र.सं. | खर्चको स्रोत | वार्षिक खर्च (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १. | उपभोग | ४६४२०३२१ | २५.४१९ |
| २. | शिक्षा | ३५९०२५६३ | १९.९२ |
| ३. | स्वास्थ्य | २४३७७३३६ | १३.३८ |
| ४. | चाडपर्व | २६४५५५७५ | १४.५३ |
| ५. | अन्य | ४८९४४२०५ | २६.८७ |
| | जम्मा | १८२१००००० | १०० |
| | औषत वार्षिक खर्च | २५१,८६७.२१ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमूना छनोट महिलाहरुको क्षेत्रगत पारिवारिक खर्च कति हुन्छ भनी देखाइएको छ । जस अन्तर्गत उपभोगमा ४६४२०३२१ अर्थात् २५.४९ प्रतिशत शिक्षामा रु. ३५९०२५६३ अर्थात् १९.७२ प्रतिशत त्यस्तै स्वास्थ्यमा रु. २४३७७३३६ अर्थात् १३.३८ प्रतिशत चाडपर्वमा रु. २६४५५५७५ अर्थात् १४.५३ प्रतिशत र अन्यमा रु. ४८९४४२०५ अर्थात् २६.८७ प्रतिशत खर्च भएको देखीन्छ ।

### ४. तहगत पारिवारिक वार्षिक खर्च विवरण (Levelwise Family Expenditure)

नमूना छनोट महिलाहरुको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनिहरुको पारिवारिक तहगत खर्चको पनि अध्ययन गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.१९**

**नमूना छनोट महिलाहरुको पारिवारिक तहगत खर्च विवरण - २०७३**

| **क.सं.** | **तहगत खर्चलागत (रु. हजारमा)** | **पारिवारिक सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | २०० हजार- ४०० हजार | ३८ | २५.३४ |
| २. | ४०० हजार - ६०० हजार | ३९ | २६ |
| ३. | ६०० हजार - ८०० हजार | ६६ | ४४ |
| ४. | ८०० हजार देखी माथी | ७ | ४.६६ |
| | जम्मा | १५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथीको तालिका अनुसार नमुना छनोट महिलाहरुको पारिवारिक तहगत खर्च २०० हजार देखि ४०० हजारसम्म खर्च गर्ने घरपरिवार सङ्ख्या ३८ अर्थात् २५.३४ प्रतिशत, ४०० हजार देखि ६०० हजार सम्म खर्च गर्ने २९ घरपरिवार अर्थात् २६ प्रतिशत, ६०० हजार देखि ८०० हजार सम्म खर्च गर्ने ६६ अर्थात् ४४ प्रतिशत र ८०० हजार भन्दा माथी खर्च गर्ने ७ घरपरिवार अर्थात् ४.६६ प्रतिशत रहेका छन् ।

## ५. घरपरिवारको बचत (Family Size)

नमूना छनोटमा परेका घरपरिवारको आर्थिक अवस्था हेर्दा वार्षिक आम्दानी रु. २१७३००००० रहेको छ भने वार्षिख खर्च १८२१००००० रहेको छ । त्यस्तै वचत ३५२००००० रहेको देखीन्छ । यस बचतद्वारा जीवनलाई गुणस्तरीय र भावि सन्ततिको लागि भनि बैङ्कमा राखेको देखिन्छ । यसरि वार्षिक आम्दानी खर्च र वचतलाई अझ स्पष्ट पार्न तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२०**

**घरपरिवारको बचतको विवरण २०७३**

| विवरण | वार्षिक आम्दानी | वार्षिक खर्च | वार्षिक वचत |
|---|---|---|---|
| कुल | रु. २१७३००००० | रु. १८२१००००० | रु. ३५२००००० |
| औषत | रु. ३००,५५३.२५ | रु. २५१,८६७.२१ | रु. ४८,६८६.०३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथीको तालिका अनुसार घरपरिवारको वचतको स्थिति अध्ययन गर्दा महिलाहरुको घरपरिवारको वार्षिक आम्दानी रु. २१७३००००० अर्थात् रु.३००,५५३.२५ रहेको पाईयो भने वार्षिक खर्च रु. १८२१००००० अर्थात् रु. २५१,८६७.२१ रहेको पाइयो । त्यस्तै वचत रु. ३५२००००० अर्थात् ४८,६८६.०३ गरेको पाईयो ।

## ४.६ नमुना छनोटमा परेका महिलाहरुको साधन र स्रोतमा पहुँच (Materials and Sources Used by Sampled Women)

आर्थिक रुपमा सक्षम हुने सम्बन्धमा राज्यका उत्पादनशील साधन र स्रोतमा महिला वर्गको पहुँच तुलनात्मक रुपमा कम रहेको पाइन्छ । महिला सशक्तिकरणको विषयलाई नीतिगत प्राथमिकताका रुपमा राखीए तापनि विकास कार्यक्रम तथा वजेटले समेट्न नसकेको साथै आर्थिक उदारीकरण र बजारमूखी अर्थव्यवस्थाले प्रदान गरेको अवसर ग्रामिण महिलाका लागि सहज हुन सकेको छैन । नमूना छनोटमा परेका महिलाहरुको घरजग्गामा स्वामित्व, व्यापारमा र उद्योगमा रहेको स्वामित्वलाई अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

## तालिका ४.२१

## महिलाहरुको साधन र स्रोतमा पहुँचको विवरण - २०७३

| क.सं. | विवरण | महिला सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरजग्गामा महिलाको स्वामित्व | १३५ | ६७.५ |
| २. | व्यापारमा महिलाको स्वामित्व | ३१ | १५.५ |
| ३. | उद्योगमा महिलाको स्वामित्व | ३४ | १७ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथीको तालिका अनुसार घरजग्गामा स्वामित्व रहेका महिला १३५ अर्थात् ६७.५ प्रतिशत, त्यस्तै व्यापारमा स्वामित्व भएका ३१ जना अर्थात् १५.५ प्रतिशत र उद्योगमा ३४ जना अर्थात् १७ प्रतिशत रहेको पाईयो ।

## ४.७ शैक्षिक अवस्था (Educational Condition)

### ४.७.१ पारिवारिक शैक्षिक अवस्था (Educational Condition of Family)

नमुना छनोटमा परेका १५० घरपरिवारमा बसोबास गर्ने जम्मा ७२३ जनसङ्ख्यामध्ये २६ जना ५ वर्ष मुनिका बालबालिकाहरु बाहेक अन्य बाँकी ६९७ जनसङ्ख्याको शैक्षिक अवस्था पत्ता लगाउन उनीहरुलाई यस अध्ययनमा समावेश गरिएको थियो । यस अध्ययनबाट प्राप्त शैक्षिक अवस्थाको नतिजालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## तालिका ४.२२

## पारिवारिक शैक्षिक अवस्थाको विवरण - २०७३

| तहगत शिक्षा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| प्रा.वि. | ४८ | ४५ | ९३ | १३.३५ |
| नि.मा.वि. | ६६ | ७४ | १४० | २०.०८ |
| एस.एल.सी. | १११ | ११६ | २२७ | ३२.५७ |
| उच्च मा.वि. | ६४ | ५५ | ११९ | १७.०६ |
| उच्च शिक्षा | ५२ | ६६ | ११८ | १६.९३ |
| जम्मा | | | ६९७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमूना छनोटमा बसोबास गर्ने १५० घरपरिवारमा प्रा.वि. सम्म अध्ययन गर्ने महिला ४८ र पुरुष ४५ गरी ९३ जना रहेका छन् । त्यस्तै नि.मा.वि. सम्म अध्ययन गर्ने महिलाहरु ६६ र पुरुष ७४ गरी जम्मा १४० अर्थात् २०.०८ प्रतिशत र एस.एल.सी. सम्म अध्ययन गर्ने महिला १११ र पुरुष ११६ गरी जम्मा २२७ अर्थात् ३२.५७ प्रतिशत त्यस्तै गरी उच्च मा.वि. मा अध्ययन गर्ने महिला ६४ र पुरुष ५५ गरी जम्मा ११९ जना अर्थात् १७.०७ प्रतिशत रहेको पाईयो । त्यस्तैगरी उच्च शिक्षासम्म अध्ययन गर्ने महिला ५२ जना र पुरुष ६६ गरी जम्मा ११८ अर्थात् १६.९३ प्रतिशत रहेको पाइयो ।

### ४.७.२ **नमुना छनोट महिलाको शैक्षिक अवस्था (Educational Condition of Sampled Women)**

महिलाले घरपरिवार तथा समाजको विकासमा महत्वपूर्ण भूमिका खेलेका हुनछन् । त्यसमा पनि शिक्षित महिलाहरुको भूमिका झनै महत्वपूर्ण हुन्छ । एउटा भनाई पनि रहेको छ, “परिवारमा एउटा महिला शिक्षित भएमा सम्पूर्ण परिवार शिक्षित हुन्छ ।” त्यसैले अध्ययनको क्रममा नमूना छनोटमा परेका महिलाहरुको शैक्षिक अवस्थाको सम्बन्धमा जानकारी प्राप्त गर्न अध्ययनमा समावेश गरिएको थियो । यस अध्ययनबाट प्राप्त महिलाको शैक्षिक अवस्था नतिजालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ४.२३

नमुना छनोट महिलाको शैक्षिक अवस्था - २०७३

| क.सं. | उमेर समूह | साक्षर | एस.एल.सी. | प्रमाणपत्र | स्नातक तह सो भन्दा बढि | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | १८-३० | | ६२ | ३२ | १८ | ११२ |
| २. | ३०-४५ | | ३३ | २० | ५ | ५८ |
| ३. | ४५-६० | २ | १७ | ८ | ३ | ३० |
| ४. | जम्मा | | ११२ | ६० | २६ | २०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथीको तालिका अनुसार नमुना छनोट क्षेत्रमा रहेका महिलाहरुको शैक्षिक अवस्था हेर्दा ६२ ले एस.एल.सी. सम्म अध्ययन गरेको, ३२ ले प्रमाण पत्र तह १८ ले स्नातक तह वा सो भन्दा माथी अध्ययन गरेको पाईयो । त्यस्तै २०-४५ उमेर समूहका महिलाहरु मध्ये ३३ ले एस.एल.सी., २० ले प्रमाणपत्र, ५ ले स्नातक तह वा सो भन्दा माथी सम्म अध्ययन गरेको पाईयो । त्यस्तै ४५-७० उमेर समूहका महिलाहरु मध्ये २ जना साक्षर १७ ले एस.एल.सी., ८ ले प्रमाण पत्र र ३ ले स्नातक तहसम्म वा सो भन्दा माथी अध्ययन गरेको पाईयो ।

### ४.७.३ बालबालिकाको शैक्षिक अवस्था (Educational Condition of Child)

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने नमुना छनोटमा परेका १५० घरपरिवारका बालबालिकाहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छ । अध्ययन क्षेत्रमा अभिभावकले छोरा र छोरी दुवैलाई समान महत्व दिई दुवैलाई स्कुल पठाउने गरेको पाइयो । यस अध्ययनमा ५ देखि १५ वर्ष उमेर समुहका बालबालिकाहरुलाई समावेश गरिएको थियो । जसमा जनसङ्ख्या १४७ रहेको छ । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२४**

**बालबालिकाको शैक्षिक अवस्था - २०७३**

| क.सं. | उमेर समुह | विद्यालय जाने छोरा | विद्यालय जाने छोरी | जम्मा |
|---|---|---|---|---|
| १. | ५-१० वर्ष | ३५ | ३६ | ७१ |
| २. | १०-१५ वर्ष | ४१ | ३५ | ७६ |
| | जम्मा | ७६ | ७१ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका १५० घरपरिवारका ५ देखी १५ वर्षका बालबालिकाहरु १४७ जना रहेको पाईयो । तिमध्ये ५-१० उमेर समूहका विद्यालय जाने छोरा ३४ र छोरी ३६ गरी जम्मा ७१ जना रहेका छन् भने १०-१५ वर्ष उमेर समूहका विद्यालय जाने छोरा ४१ र छोरी ३५ गरी जम्मा ७६ जना रहेको पाईयो ।

## ४.८ शैक्षिक प्रभाव (Educational Affect)

शिक्षा मानिसको अति आवश्यक तत्व हो । जसरी मानिसलाई बाँच्नको लागि गाँस, बास र कपासको आवश्यकता पर्दछ त्यसैगरी मानिसको संवेगात्मक विकासको लागि शिक्षाको आवश्यकता पर्दछ । शिक्षाले महिलाहरुको सामाजिक,आर्थिक, बौद्धिक क्षेत्रमा विकास गरी शिक्षित, सक्षम र दक्ष जनशक्तिको उत्पादन गर्न सकिन्छ । शिक्षा बालबालिकाको सर्वाङ्गिण विकासको लागि अपरिहार्य तत्व हो र यसलाई प्राप्त गर्नु उनीहरुको नै सर्गिक अधिकार पनि हो । कुनै पनि समाज कतिको सक्षम छ वा सजग छ भन्ने कुरा थाहा पाउन त्यस ठाउँको शैक्षिक स्थितिले व्यक्त गर्दछ । अध्ययन क्षेत्रको शैक्षिक प्रभावको अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका घरपरिवारका बालबालिकाहरुलाई सरकारी अथवा नीजि कुन विद्यालयमा पढाइएको पाइन्छ भन्ने बारेमा पनि अध्ययन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको  छ ।

## तालिका ४.२५

## विद्यालय संरचनाको आधारमा बालबालिकाहरुको सहभागिता-२०७३

| क.सं. | तहगत पारिवारिक आम्दानी | घरपरिवार सङ्ख्या | विद्यालयको प्रकार | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सरकारी | | निजी | | जम्मा | |
| | | | छात्र | छात्रा | छात्र | छात्रा | संख्या | प्रतिशत |
| १. | २०० हजार-४०० हजार | २८ | ८ | ९ | ५ | २ | २४ | १६.६६ |
| २. | ४०० हजार-६०० हजार | ३१ | १० | १४ | १२ | ८ | ४४ | २९.९३ |
| ३. | ६०० हजार-८०० हजार | ६३ | ६ | ७ | ३३ | २४ | ७० | ४७.६२ |
| ४. | ८०० हजार माथी | २८ | - | १ | ३ | ५ | ९ | ६.१२ |
| | जम्मा | १५० | २४ | ३१ | ५३ | ३९ | १४७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार २०० हजारदेखी ४०० हजार सम्म तहगत पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने जम्मा घरपरिवार संख्या २८ रहेको जसमा सरकारी र निजि विद्यालयमा छात्र र छात्रा गरि १६.३३ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । त्यस्तैगरी ४०० हजार देखी ६०० हजार सम्म वार्षिक आम्दानी प्राप्त गर्ने जम्मा घरपरिवार संख्या ३१ रहेको पाइयो । जसमा सरकारी र निजी विद्यालयमा छात्र र छात्रा गरि २९.९ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । त्यस्तै ६०० देखी ८०० हजारसम्म पारिवारिक वार्षिक आम्दानी प्राप्त गर्ने ६३ घरपरिवार जसमा सरकारी र निजी विद्यालयमा छात्र र छात्रा गरी ४७.६२ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो । त्यस्तै ८०० हजार भन्दा माथी वार्षिक आम्दानी प्राप्त गर्ने २८ घरपरिवार रहेको पाइयो । जसमा सरकारी र निजी विद्यालयमा छात्र र छात्रा गरी ६.१२ प्रतिशत बालबालिकाको सहभागिता रहेको पाइयो ।

## ४.९ नमुना छनोट महिलाको पारिवारिक निर्णय प्रक्रियामा संलग्नताको अवस्था (**Condition of Sampling Women on Family Decision Process**)

घरायसी होस् या सामाजिक समस्याहरुका विषयमा छलफल गर्दा प्राय : जसो महिलाहरुलाई सहभागी नबनाई उनीहरुलाई निर्णय मात्र सुनाउने चलन छ । घरभित्रको कामकाजमा समेत पुरुषको नियन्त्रण हुन्छ । घर बाहिरको निर्णयमा त झन् महिलाको पहुँच ज्यादै न्यून मात्रामा हुने गर्दछ । पारिपारिक निर्णय प्रक्रियामा जस्तै : गर्भपतन सम्बन्धि महिलाको निर्णय, परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय र पारिवारिक समस्यामा लिइने निर्णय सम्बन्धि विश्लेषण गरिएको छ ।

### ४.९.१ गर्भपतन सम्बन्धी महिलाको निर्णय (**Quadrate Decisions of Women**)

हिन्दु संस्कार अनुसार गर्भपतन गराउनुलाई अपराध मानिन्छ । तापनी हाल आएर गर्भपतनलाई सरकारले कानुनि मान्यता समेत दिइसकेको छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रमा छनोटमा परेका महिलाहरुलाई गर्भपतनसम्बन्धी निर्णयको बारेमा प्रश्न राखिएको थियो । उक्त अध्ययनबाट प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२६**

**महिलाहरुको गर्भपतन सम्बन्धी निर्णय - २०७३**

| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला आफैले निर्णय गर्ने | ४९ | २४.५ |
| २. | महिलाले निर्णय नगर्ने | २० | १० |
| ३. | दुवैको सल्लाहबाट निर्णय गर्ने | १३१ | ६५.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार गर्भपतन गर्दा आफै निर्णय गर्ने महिलाहरु २४.५ प्रतिशत पाइयो भने १० प्रतिशत महिलाले निर्णय नगर्ने र ६५.५ प्रतिशत महिला-पुरुष दुवैको निर्णयमा गर्भपतनको निर्णय हुने पाइयो ।

### ४.९.२ परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय (**Women Decision for the uses of Temporary Family Planning**)

परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा महिलाको निर्णय सहभागिता के कत्तिको छ भनि अध्ययन गरिएको थियो । जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२७**

**नमुना छनोट क्षेत्रमा महिलाहरुको परिवार नियोजनको अस्थाई साधन प्रयोग सम्बन्धी निर्णय - २०७३**

| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला आफैले निर्णय गर्ने | ७२ | ३६ |
| २. | महिलाले निर्णय नगर्ने | २१ | १०.५ |
| ३. | दुवैको सल्लाहबाट निर्णय गर्ने | १०७ | ५३.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोट क्षेत्रका महिलाहरुको परिवार नियोजनको अस्थाई साधन प्रयोग सम्बन्धि निर्णयमा महिला आफैले निर्णय गर्ने ७२ अर्थात् ३६ प्रतिशत त्यस्तै महिलाले निर्णय नगर्ने २१ जना अर्थात् १०.५ प्रतिशत र दुवैको सल्लाहबाट निर्णय गर्नै १०७ जना अर्थात् ५३.५ प्रतिशत पाईयो ।

### ४.९.३ पारिवारिक समस्यामा लिइने निर्णय (**Decision Making in Family Problem**)

अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक समस्याको निर्णयमा महिलाको सहभागिताको अवस्था बारे अध्ययन गरिएको थियो । जसमा छोराछोरीको विवाह गर्ने, जग्गा किनबेच, ऋण लिनेदिने र छोराछोरी कहाँ पढाउँने भन्ने बारेमा उत्तर सङ्कलन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ४.२८

### पारिवारिक समस्यामा लिइने निर्णय प्रक्रियाको विवरण -२०७३

| क्र.स. | विवरण | निर्णय गर्ने | प्रतिशत | निर्णय नगर्ने | प्रतिशत | सल्लाहबाट निर्णय गर्ने | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | छोराछोरीको विवाह गर्ने | ७९ | ३९.५ | ३१ | १५.५ | ९० | ४५ | २०० |
| २. | जग्गा किनबेच | ५१ | २५.५ | ४६ | २३ | १०३ | ५१.५ | २०० |
| ३. | ऋण लिने दिने | ४१ | २०.५ | ९८ | ४९ | ६१ | ३०.५ | २०० |
| ४. | छोराछोरी कहाँ पढाउँने | ८२ | ४१ | ३९ | १९.५ | ७९ | ३९.५ | २०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन गर्दा छोराछोरीको विवाह गर्ने, छोराछोरी कहाँ पढाउँने जस्ता निर्णयमा महिलाको सहभागिता बढी देखिए पनि ऋण लिने दिने कुरामा महिलाको एकल निर्णय कम देखिन्छ ।

### ४.९.४ विरामी हुँदा जाने ठाउँ (Destination of Sickness)

अध्ययन क्षेत्रका महिलाहरु विरामी हुँदा उपचारको क्रममा सवैभन्दा पहिला कहाँ जान्छन् भन्ने सम्बन्धमा प्रश्न तयार गरी सोधिएको थियो । जसबाट प्राप्त विवरणलाई तालको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ४.२९

### नमुना छनोट क्षेत्रमा महिलाहरुको विरामी हुँद जाने ठाउँको विवरण - २०७३

| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | डाक्टर | १५२ | ७६ |
| २. | धामी झाक्री | ४८ | २४ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१३ अनुसार अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरु विरामी हुँदा १५२ अर्थात् ७६ प्रतिशत डाक्टरमा जाने गरेको देखियो भने ४८ जना अर्थात् २४ प्रतिशत महिलाहरु धामी झाक्रिकोमा जाने गरेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने अहिले पनि केहि महिलाहरु पुरानो रुढिवादि परम्परा र अन्धविश्वासमा अल्झिएर बसेको पाइन्छ ।

### ४.९.५ मासिक स्राव (Menstruation)

यहाँका स्थानीय महिलाहरुले आफ्नो धर्म, संस्कृति र परम्परादेखि चलिआएको मूल्यामान्यता प्रति विश्वास रहेको भए तापनि अहिले आएर नयाँ पुस्ताले मासिक श्रावलाई प्राकृतिक प्रक्रिया हो भन्ने धारणा रहेको पाइयो । प्राकृतिक प्रक्रिया हो भन्ने थाहा हुँदाहुँदै पनि महिलाहरु मासिक श्राव हुँदा मठमन्दिर नजाने, विशेष पुजा पाठमा सरिक नहुने, भान्सा भित्रको काम जस्तै : खाना बनाउँन, छुन नहुने र भाँडाहरु भने माझ्न मिल्ने बताए । तर खान, लगाउन र हिड्नका लागि भने कुनै कुराको बाधा नरहेको बताए ।

## ४.१० महिला सशक्तिकरण सम्बन्धी धारणा (Concept about Women Empowerment)

नमुना छनोटमा परेका महिलाहरुको विभिन्न विषयमा महिलाहरुको धारणा थाहा पाउनको लागि अध्ययन गरिएको थियो । अध्ययनमा छनोटमा परेका महिलाहरुसँग प्रश्नावली, अन्तर्वार्ताको माध्यमबाट महिला सशक्तिकरणका सम्बन्धमा लिएको विचारलाई निम्नानुसार व्याख्या गरिएको छ ।

### ४.१०.१ आर्थिक पक्षको ज्ञान (Knowledge about Economics Status)

छनोटमा परेका उत्तरदाता महिलाहरुले आर्थिक रुपमा सक्षम हुने सम्बन्धमा राज्यका उत्पादनशील साधन र स्रोतमा महिला वर्गको पहुँच तुलनात्मक रुपमा कम रहेको पाइन्छ । महिला सशक्तिकरणको विषयलाई नीतिगत प्राथमिकताका रुपमा राखिए तापनि यस्ता विकास कार्यक्रम तथा बजेट लक्षित वर्गसम्म पुग्नु नसकेको कुरा अध्ययन क्षेत्रका महिलाहरुले बताएका थिए । समान कामका लागि महिलाले असमान पारिश्रमिक प्राप्त गर्ने अवस्था विद्यमान रहेको साथै महिलाको घरायसी तथा उत्पादनशील कार्यको लेखाजोखा हुन

नसक्नुले महिलाहरु आर्थिक रुपमा सक्षम हुन नसकेका हुन् भन्ने भनाई महिलाहरुको पाइयो ।

### ४.१०.२लैङ्गिक समानताको ज्ञान (Knowledge about Sexualization)

उत्तरदाता महिलाहरुले विभिन्न सामाजिक मूल्य मान्यता र रुढिवादी परम्पराले गर्दा केही निश्चित कुराहरुमा छोरीलाई भन्दा छोरालाई बढी महत्व दिए तापनि अहिले हाल आएर यस्तो विश्वास तथा प्रचलनमा कमी आएको छ जसको कारण छोरीलाई पनि समान महत्व दिन थालिएको कुरा अध्ययन क्षेत्रका महिलाहरुले बताए ।

### ४.१०.३शैक्षिक पक्षको ज्ञान (Knowledge about Education)

महिलाहरु शिक्षाको क्षेत्रमा पछाडी पर्नुको मुख्य कारण नै शिक्षा पद्धति स्वयम् महिला शिक्षा विकासमा सफल नभएको धारणा उत्तरदाता महिलाहरुले बताए । सबै विद्यालयमा महिला शिक्षकको अनिवार्य व्यवस्था गर्ने नीति प्रभावकारी कार्यन्वयन नहुनु, लक्षित कार्यक्रमको सीमिता हुनु, सबै छात्रासम्म नपुग्नु, लैङ्गिक मैत्रि शैक्षिक सामग्री र पूर्वाधारको अभाव आदि समस्याले गर्दा महिलाहरु शिक्षाको क्षेत्रमा पछाडी परेको भन्ने अभिव्यक्ति उत्तरदाता महिलाहरुको रहेको पाइयो ।

### ४.१०.४ सामाजिकीकरणको ज्ञान (Knowledge about Socialization)

नेपालमा विभिन्न भाषा-भाषि, जातजाति र विविध संस्कृतिका मानिसहरुको बसोबास रहेको पाइन्छ । विभिन्न सामाजिक कार्यहरुमा महिला सहभागिता हुनुलाई बन्देज गरेको पाइन्छ । समाजमा रहेका विभिन्न प्रथा र परम्परालाई तोड्नुको सट्टा त्यसलाई मलजल गरेर राखेको साथै महिलाहरुलाई समाजका विविध कार्यहरुमा अगुवाई गर्ने कुरामा महिलालाई पोथी बासेको राम्रो हुँदैन भन्ने धारणा केही समय अघि सम्म भए तापनि हाल त्यो सोचाइमा धेरै सकारात्मक परिवर्तन हुँदै गरेको छ भन्ने धारणा महिलाहरुबाट पाइयो ।

### ४.१०.५सामाजिक समानताको ज्ञान (Knowledge about Social Equality)

उत्तरदाता महिलाहरुको भनाईमा समाजको एउटा समस्या भनेको महिलाहरुलाई हेर्ने सामाजिक दृष्टिकोण रहेको बताए । त्यहि दृष्टिकोणको कारण समाजमा परम्परागत

अन्धविश्वास, विभेद र शोषण कायम रहेको पाएन्छ । जब सम्म यस्ता रुढिवादि परम्परा, अन्धविश्वास, विभेद र शोषणलाई जरैदेखि उखेलेर फाल्न सकिँदैन तब सम्म समान धारणामा आधारित वैज्ञानिक र समतामूलक समाजको अवधारणा आउँन सक्दैन । यस्ता समस्या विभेद र अन्धविश्वासका अन्त्य गर्ने हामी सबै महिला वर्ग एक हुने हो भने यो अन्त्य सम्भव छ भन्ने धारणा महिलाहरुबाट पाइयो ।

## ४.११ सारांश (Summary)

यस अध्ययनको सारांशलाई यस प्रकार उल्लेख गरिएको छ ।

- यो अध्ययनमा मोरङ्ग जिल्ला कोशी हरैंचा नगरपालिका वडा नं. ४ अन्तर्गत महील सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदानको बारेमा अध्ययन गरिएको छ ।
- यो अध्ययन मोरङ्ग जिल्ला कोशी हरैंचा नगरपालिका वडा नं. ४ भित्र बसोबास गर्ने विवाहित महिलाहरुमा मात्र सीमित गरिएको छ ।
- यो अध्ययनको उद्देश्य महिलाहरुको सामाजिक अवस्थाको पहिचान गर्नु, महिला सशक्तिकरणले उनीहरुको सामाजिक आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदानको अध्ययन गर्नु, पारिवारिक निर्णय प्रक्रियामा महिलाहरुको भूमिकालाई अध्ययन गर्नु रहेको छ ।
- यो अध्ययनको अनुसन्धानात्मक प्रश्नहरु अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक अवस्था कस्तो रहेको छ, महिला सशक्तिकरणले महिलाहरुको सामाजिक अवस्था सुधार गर्न कस्तो सहयोग पुऱ्याउँछ, महिला सशक्तिकरणले आर्थिक विकास गराउँन कस्तो प्रभाव पार्दछ, महिलाहरुको पारिवारिक निर्णयमा कस्तो भूमिका रहेको छ, सँग सम्बन्धित रहेको छ ।
- महिलाहरुको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको वास्तविकता नजिकबाट थाहा पाउनु, महिला सशक्तिकरणले पारेको प्रभाव पत्ता लगाउँनु यस अध्ययनको महत्व रहेको छ ।
- यस अध्ययनले लिएको उद्देश्य पूरा गर्नको लागि प्राथमिक तथा सहायक तथ्याङ्कको प्रयोग गरिएको थियो । प्राथमिक तथ्याङ्क अन्तर्गत प्रश्नावली, अन्तर्गत

प्रश्नावली, अन्तर्वार्ता र अवलोकनको प्रयोग गरिएको थियो भने, सहायक तथ्याङ्क अन्तर्गत विभिन्न पुस्तक, पत्रपत्रिका, शोधपत्र, केन्द्रिय तथ्याङ्क विभाग, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला आयोग, जि. वि. स., नगरपालिकाका विभिन्न प्रयोजनका निम्ति तयार गरिएका फाइल आदिबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

- अध्ययन क्षेत्रका रहेका विवाहित महिलाहरुबाट २०० जना विवाहित महिलाहरुलाई नमुना छनोट गरिएको थियो । प्राप्त तथ्याङ्कलाई तथ्याङ्कका सामान्य विधिहरु प्रयोग गरी प्रतिशत निकाल्ने र तालिकीकरण गर्ने कार्य गरिएको थियो । यसरी प्राप्त भएका प्रतिशतलाई स्तम्भ चित्र र वृत्तचित्रको सहायकताले तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।
- यस अध्ययन क्षेत्रका सबैभन्दा बढी जनसङ्ख्या ४२.४५ प्रतिशतले कृषि पेशा अंगालेको पाइयो त्यस्तै नोकरीमा १३.०४ प्रतिशत जनसङ्ख्या संलग्न रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रमा विभिन्न जातजातिको मानिसहरुको बसोबास भए तापनि ब्राह्मण/क्षेत्रीको संख्या बढी पाइयो । त्यस्त थारु, मगर, तेली, दमाई, राजवंशी, नेवार, लिम्बु, राई, झागड आदि जातिका मानिसहरुको बसोबास रहेको पाइयो ।
- नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत स्रोतगत वार्षिक आम्दानी कुल रु. ६,२४,२१००० अर्थात् औषत वार्षिक आम्दानी रु. ३१२,१०५ रहेको पाइयो ।
- नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत क्षेत्रगत वार्षिक खर्च कुल रु. ४,१०,४१००० अर्थात् औषत वार्षिक खर्च रु. २०५,२०५ रहेको पाइयो ।
- नमुना छनोटमा परेका महिलाहरुको व्यक्तिगत वार्षिक बचत कुल रु. २,१३,८०००० अर्थात् औषत वार्षिक बचत रु. १०६,९०० रहेको  पाइयो ।
- यस अध्ययनको नमुना छनोटमा परेका महिलाहरुको परिवारको किसिम हेर्दा धेरै जसो ७० प्रतिशत एकल परिवारमा बस्ने र थोरै मात्र ३० प्रतिशत संयुक्त परिवारमा बस्ने गरेको पाइयो ।
- यस अध्ययन क्षेत्रमा छोरा र छोरी प्रतिको धारणामा ४० प्रतिशत महिलाहरुले बुढेसकालको साहारा चाहिने हुनाले छोरा नभई नहुने धारणा राखेको पाइयो भने २५

प्रतिशतले छोरी मात्र हुँदा पनि हुन्छ, छोरा र छोरी समान छन् भन्ने धारणा राखेको पाइयो । त्यस्तै गरी ३५ प्रतिशत महिलाहरुले छोरा र छोरी दुवैको चाहनाको समान महत्व दिएको पाइयो ।

- यस अध्ययन क्षेत्रमा रहेका महिलाहरुको धार्मिक विविधतालाई हेर्दा हिन्दु धर्म मान्ने ८४ प्रतिशत, बौद्ध धर्म मान्ने १०.५ प्रतिशत, इसाई धर्म मान्ने ३.५ प्रतिशत र अन्य धर्म मान्ने २ प्रतिशत महिलाहरु रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रमा परेका महिलाहरुसँग दाइजो प्रथा ठिक हो कि होइन भन्ने कुरामा दाइजो दिनु ठिक हो, दाइजो दिन सकेमा छोरीलाई सजिलैसँग घर खान सक्ने कुरामा विश्वास गर्ने २७ प्रतिशत जनसङ्ख्या पाइयो भने दाइजो प्रथा बेठिक हो भन्ने ७३ प्रतिशत जनसङ्ख्या रहेको पाइयो ।
- यस अध्ययनको क्रममा नमुना छनोटमा महिलाहरुलाई घरायसी कामकाजमा पुरुषको सहयोग कत्तिको मिल्छ भन्ने प्रश्नको जवाफमा सहयोग पाउँनेमा ३५.५ प्रतिशत, नपाउँनेमा २२.५ प्रतिशत र अलिअलि सहयोग पाउँनेमा ४२ प्रतिशत महिलाहरु रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रका महिलाहरुको विवाह कुन उमेरमा भएको रहेछ भनि अध्ययन गरिएको थियो । जसमा १०-१५ वर्षमा २४.५ प्रतिशत महिलाको विवाह भएको पाइयो । त्यस्तै १६-२० वर्षमा २६ प्रतिशत महिला र २१ भन्दा माथि ५३.५ प्रतिशत महिलाको विवाह भएको पाइयो ।
- यस अध्ययन क्षेत्रमा गर्भपतन सम्बन्धी महिलाको निर्णयमा २४.५ प्रतिशत महिलाहरु आफैले निर्णय गर्ने गरेको पाइयो भने १० प्रतिशत महिलाको गर्भपतन सम्बन्धी निर्णयमा कुनै भूमिका नरहेको पाइयो । त्यस्तै ६५.५ प्रतिशत महिला र पुरुष दुवैको सल्लाहमा निर्णय गर्ने गरेको पाइयो ।
- परिवार नियोजन साधन प्रयोगको सम्बन्धमा महिला आफले निर्णय गर्ने ३६ प्रतिशत महिला, पुरुष दुवैको सल्लाहमा निर्णय गर्ने ५३.५ प्रतिशत र १०.५ प्रतिशत महिलाको कुनै पनि निर्णय वा भूमिका नरहेको पाइयो ।
- पारिवारिक समस्यामा लिइने निर्णयमा छोराछोरीको विवाह गर्ने निर्णयमा ३९.५ प्रतिशतले निर्णय गर्ने, १५.५ प्रतिशत महिलाले निर्णय नगर्ने र महिला, पुरुष दुवैको

सल्लाहबाट निर्णय गर्ने ४५ प्रतिशत रहेको पाइयो भने जग्गा किनबेचमा निर्णय गर्ने २५.५ प्रतिशत, कुनै पनि निर्णय नगर्ने २३ प्रतिशत र दुवैको सल्लाहबाट ५१.५ प्रतिशत रहेको पाइयो । त्यस्तै ऋण लिने दिने सम्बन्धी निर्णय गर्नेमा २०.५ प्रतिशत, निर्णय नगर्नेमा ४९ प्रतिशत र दुवैको सल्लाहबाट ऋण लिने दिनेमा ३०.५ प्रतिशत रहेको पाइयो । त्यस्तै छोराछोरी कहाँ पढाउने भने बारेमा निर्णय गर्ने ४१ प्रतिशत, नगर्ने १९.५ प्रतिशत र दुवैको सल्लाहबाट निर्णय गर्ने ३९.५ प्रतिशत रहेको पाइयो ।

) यस अध्ययन क्षेत्रका नमुना छनोटमा परेका महिलाहरुको पारिवारिक स्रोत गत आम्दानी हेर्दा वार्षीक आम्दानी कुल रु. २१७३००००० अर्थात् औषत वार्षिक आम्दानी रु. ३००,५५३.२५ र वार्षीक खर्च कुल रु. १८२१००००० अर्गात् औषत वार्षिक खर्च रु. २५१,८९७.२१ रहेको पाईन्छ त्यसै गरि वार्षीक वचत कुल रु. ३५२००००० अर्थात् वार्षिक पारिवारिक वचत रु. ४८,६८६.३ रहेको पाइयो ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATION)

यस अध्ययनमा तथ्याङ्कको विस्तृत व्याख्या, विश्लेषण गरी प्राप्त निष्कर्ष र अध्ययन क्षेत्रमा देखिएका समस्या समाधानका लागि उचित सुझावहरु समावेश गरिएको छ । यस अध्ययनमा तथ्याङ्कहरुको विस्तृत रुपमा व्याख्या, विश्लेषण र विवेचना गरी प्राप्त निष्कर्षलाई सारांशमा प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष (Conclusion)

मोरङ्ग जिल्ला कोशी हरैंचा नगरपालिका अन्तर्गत रहेको १५ वटा वडाहरु मध्ये वडा नं. ४ मा रहेको सम्पूर्ण विवाहित महिलाहरुमा महिला सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदानको अध्ययनबाट निम्न निष्कर्षहरु प्राप्त भएका छन् । यस अध्ययनमा वडा नं. ४ मा बसोबास गर्ने विवाहित महिलाहरुको जनसङ्ख्यामध्ये २०० जना महिलाहरुको जनसङ्ख्यालाई व्यवस्थित नमुना छनोट विधिको आधारमा नमुना छनोट गरिएको छ ।

- यस अध्ययनको उद्देश्य महिला सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदानको विश्लेषण गर्नु र पारिवारिक निर्णय प्रक्रियामा महिलाहरुको भूमिका पत्ता लगानु रहेको छ ।
- यस अध्ययन क्षेत्रमा कृषि पेशामा ४१.५ प्रतिशत महिलाहरु संलग्न रहेको पाइयो । त्यस्तै नोकरीमा ११ प्रतिशत, व्यापारमा १९ प्रतिशत, ज्यालामजदुरीमा २४.५ प्रतिशत र वैदेशिक रोजगारीमा ४ प्रतिशत महिला रहेको पाइयो ।
- अध्ययन क्षेत्रमा महिलाहरुमा २७ प्रतिशत महिलाहरुले दाइजो दिनु ठिक हो भन्ने कुरा बताएका छन् भने ७३ प्रतिशत महिलाले दाइजो दिनु ठिक होइन भन्ने धारणा पाइयो ।
- महिला र पुरुष एक रथका दुई पाङ्ग्रा भनिए तापनि २२.५ प्रतिशत पुरुषहरुले घरायसी काममा महिलालाई सहयोग गरिएको पाइएन । ३५.५ प्रतिशतले मात्र सहयोग गरेको महिलाहरुले बताए ।

- परम्परागत धारणा अनुसार र सानै उमेरमा छोरीको विवाह गरेमा धर्म कमाउने जनविश्वास रहे तापनि अहिले यो सोचमा कमी आएको अध्ययन क्षेत्रका महिलाले बताए जस अनुसार २१ वर्ष भन्दा माथि विवाह गर्ने जनसङ्ख्या सबैभन्दा बढी ५३.५ प्रतिशत पाइयो । त्यस्तै १०-१५ उमेर समुहको सङ्ख्या २०.५ प्रतिशत र १६-२० का २६ प्रतिशत महिलाहरु रहेको पाइयो ।
- महिलाको गर्भपतन सम्बन्धी निर्णयको सम्बन्धमा २४.५ प्रतिशत महिलाहरुले आफैले निर्णय लिने कुरा बताएका छन् भने दुवैको सल्लाहमा ६५.५ प्रतिशतले निर्णय गर्ने गरेको बताए त्यस्तै १० प्रतिशत महिलाहरुको यसमा कुनै भूमिका नरहेको पाइयो ।
- परिवार नियोजनको अस्थाई साधनको प्रयोगमा ३६ प्रतिशत महिला आफैले निर्णय लिने गरेको पाइयो भने दुवैको सल्लाहबाट ५३.५ प्रतिशतले निर्णय गर्ने गरेको पाइयो त्यस्तै १०.५ प्रतिशत महिलाहरुको यसमा कुनै भूमिका नरहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको व्यक्तिगत औषत वार्षिक आम्दानी ३१२१०५ रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको व्यक्तिगत औषत वार्षिक खर्च रु. २०५२०५ रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको व्यक्तिगत औषत वार्षिक बचत रु. १०६,९०० रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको पारिवारिक स्रोतगत औषत वार्षिक आम्दानी रु. ३००,५५३.२५ रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको पारिवारिक स्रोतगत औषत वार्षिक खर्च रु. २५१,८६७.२१ रहेको पाइयो ।
- नमुना छनोट महिलाहरुको पारिवारिक स्रोतगत औषत वार्षिक वचत रु. ४८,६८६.३ रहेको पाइयो ।
- महिला सशक्तिकरण सम्बन्धी धारणाको विश्लेषण गर्दै जाँदा महिलाहरुको आर्थिक पक्षको ज्ञान, लैङ्गिक समानताको ज्ञान, शैक्षिक पक्षको ज्ञान, सामाजिकीकरणको ज्ञानको पनि अध्ययन गरिरहेको थियो ।

## ५.२ सुझावहरु (Recommendations)

यस अध्ययनको निष्कर्षको आधारमा अध्ययन क्षेत्र मोरङ्ग जिल्ला कोशी हरैंचा नगरपालिका अन्तर्गत वडा नं ४ मा बस्ने महिलामा महिला सशक्तिकरणले उनीहहरुको आर्थिक, सामाजिक र शैक्षिक विकासमा कस्तो सुझाव पारेको छ ? त्यसको अध्ययन गरिएको छ । यस क्षेत्रका महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक अवस्था र महिला सशक्तिकरणको स्थितिमा सुधार ल्याउनको लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत सुझावहरु (Policy Related Recommendations)

- रोजगारीको संरचनामा विविधिकरण गरी रोजगारको अवसर दिई महिलाहरुको आर्थिक स्थितिलाई मजबुत बनाउनुपर्दछ ।
- यस क्षेत्रमा बसोबास गर्ने ४१.५ प्रतिशत महिलाहरुले कृषिलाई प्रमुख पेशाको रुपमा लिएका छन् त्यसैले कृषि क्षेत्रमा आधुनिकीकरण गरी कृषि उत्पादनमा बृद्धि गर्नुपर्ने देखिन्छ ।
- अध्ययन क्षेत्रका महिलाहरुको जीवन स्तर उकास्नको लागि विभिन्न सीपमुलक तालिम सञ्चालन गरी सरकारले आयआर्जनका कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- सरकारी तथा गैरसरकारी निकायबाट महिला सशक्तिकरण सम्बन्धी विभिन्न चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ ।
- महिलाहरुले गर्ने घरेलु कामको मूल्याङ्कन गर्ने पद्धतिको विकास सरकारी स्तरबाट नै गरिनुपर्दछ ।
- महिलाहरुलाई पनि काम गरे बापत पुरुष सरह नै पारिश्रमिक तोकिनु पर्ने उचित व्यवस्था गर्नुपर्दछ ।

### ५.२.२ व्यवहारिक सुझावहरु (Practice Related Recommendations)

- नमुना छनोटमा परेका महिलाहरुमध्ये ४० प्रतिशत महिलाहरुले बुढेसकालको सहाराको लागी छोरा नभई नहुने धारणा राखेको पाइयो तर यो धारणामा परिवर्तन ल्याउन अहिलेको समयमा आवश्यक देखीन्छ । यसको लागी स्थानिय सरोकारवाला

र नगरपालिकाको समन्वयमा लैङ्गिक समानता वा महिला शसक्तिकरणको धारणा विकास गराउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखीन्छ ।

- महिलाको गर्भपतन सम्बन्धि निर्णयमा १० प्रतिशत महिलाको कुनै पनि भूमिका नरहेको पाइयो तर उक्त निर्णयमा महिला पुरुष दुवैको भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले गर्भपतन सम्बन्धि निर्णयमा महिलामा पनि पहुँच पुऱ्याउनको लागी नगरपालिका वा स्थानिय अन्य सरोकारवाला पक्षहरुले उचित वातावरण तयार गराउनु पर्दछ ।
- हरेक ठाउँको निर्णायक तहमा महिलाहरुको संलग्नता बढाउनुपर्दछ र घरपरिवारमा पनि महिलाको निर्णय क्षमतालाई विकसित गराउने वातावरण तयार गराउनुपर्ने देखीन्छ ।
- अध्ययन क्षेत्रमा पारिवारिक निर्णयहरुमा पुरुषको भन्दा महिलाको सहभागिता कम रहेको पाइयो । पारिवारिक निर्णयहरुमा महिला र पुरुष दुवैको समान सहभागिता आवश्यक देखीन्छ । त्यसैले पारिवारिक निर्णयहरुमा महिलाको सहभागिता बढाउनको लागि पितृसत्तात्मक सोचमा परिवर्तन गरि सामाजिक सचेतनामूखी कार्यक्रमहरु ग्रामीण स्तरमा विस्तार गरिनुपर्दछ ।

### ५.२.३ भावि अनुसन्धानको सुझावहरु (Further Research Related Recommendations)

यस अध्ययनसँग आवद्ध भएर महिलाहरु सशक्तिकरणले उनीहरुको आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा पारेको योगदान अध्ययन गर्दा आगामी नयाँ अनुसन्धानकर्ताहरुलाई निम्न सहयोग मिल्नेछ ।

- भूमि स्वामित्वले महिला सशक्तिकरणको क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्ने ।
- कोसी हरैंचा नगरपालिकाका सम्पूर्ण वडाहरुमा महिला सशक्तिकरणले पारेको प्रभाव अध्ययन गर्न सकिन्छ ।
- राजनितीक अधिकारले महिला सशक्तिकरणको क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्ने ।

# सन्दर्भ सूची (REFERENCES)


अर्याल, मधुसुदन (२०७३), *महिलाहरुको आर्थिक तथा गैरआर्थिक क्रियाकलापहरुबाट प्राप्त आम्दानीको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, कीर्तिपुरः शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रिभुवन विश्वविद्यालय ।

अधिकारी, लिला (२०६२), *महिला सशक्तिकरण एवं निर्णय प्रक्रियामा महिलाहरुको भूमिका,* अप्रकाशित शोधपत्र, कीर्तिपुरः शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रिभुवन विश्वविद्यालय ।

आचार्य, इन्दिरा (२०७१), *नेपालको आधुनिक इतिहास,* काठमाडौं : राष्ट्रिय महिला आयोग ।

उपाध्याय, डिल्ली राज (२०६२), *महिला उद्यमशिलता र लघुवित्त कार्यक्रमले महिलाको सामाजिक, आर्थिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, कीर्तिपुरः शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रिभुवन विश्वविद्यालय ।

कडरिया, महेश (२०६९), *लैङ्गिक समानता,* काठमाडौ : राष्ट्रिय महिला आयोग ।

केन्द्रिय तथ्याङ्क विभाग (२०७०), *नेपालको तथ्याङ्कीय झलक,* काठमाडौंः केन्द्रिय तथ्याङ्कीय विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७०), *नेपालको तथ्याङ्कीय झलक,* काठमाडौंः केन्द्रीय तथ्याङ्कीय विभाग ।

चौधरी, मन्जुकुमारी (२०६७), *महिला सशक्तिकरणमा बाधक अन्धविश्वास,* काडमाडौं : राष्ट्रिय महिला आयोग ।

जोशी, नारायण (२०६८), *महिला सशक्तिकरणले उनीहरुको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान,* अप्रकाशित शोधपत्र, कीर्तिपुरः शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रिभुवन विश्वविद्यालय ।

नेपाल राष्ट्र बैङ्क (२०६२), *मिमिरे मासीक,* काठमाडौं : नेपाल राष्ट्र बैङ्क ।

पौड्याल, इश्वरिप्रसाद (२०७३), *नेपाली महिला,* भक्तपुर : शिक्षा विभाग लैङ्गिक समविकास शाखा ।

राष्ट्रिय महिला आयोग (२०६६), *महिला अधिकार,* काठमाडौं : राष्ट्रिय महिला आयोग ।

राष्ट्रिय योजना आयोग (२०६७), *बाह्रौ त्रिवर्षिय योजना (२०६७/२०६८- २०६९/२०७०),* काठमाडौं : नेपाल सरकार राष्ट्रिय योजना आयोग को सचीवालय ।

रेग्मी, सरला (२०६७), *नयाँ संविधानमा महिला अधिकार कसरी सुनिश्तिथ गर्ने,* काठमाडौं : राष्ट्रिय महिला आयोग ।

रेग्मी, अनिता (२०७३), *महिला सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभाव : चकचकी गा.वि.स., झापा,* अप्रकाशित शोधपत्र, कीर्तिपुरः शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रिभुवन विश्वविद्यालय ।

सुवेदी, श्रीधर (२०६९), *महिला सशक्तिकरणले उनीहरुको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान : हलटार गा.वि.स., दाङ्ग जिल्ला,* अप्रकाशित शोधपत्र, कीर्तिपुरः शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रिभुवन विश्वविद्यालय ।

श्रेष्ठ, महेन्द्र (२०६८), *सशक्तिकरण,* काठमाडौं : महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय ।

श्रेष्ठ, प्रतिमा (२०५८), *महिला सशक्तिकरण र सम्पत्तिमा साझा स्वामित्व चापागाउँ गा.वि.स. ललितपुर जिल्ला,* अप्रकाशित शोधपत्र, कीर्तिपुरः शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग त्रिभुवन विश्वविद्यालय ।

Kershberg S (1992). *Transforming Power, Domination Empowernment and education.* New York, State University.

UNDP (2005). *विकासका पूर्वाधारहरु मा महिलाको सहभागिता* UN Buletin.

# अनुसूची १ (**Appendix - I**)

## नमुना छनोटमा परेका महिलाहरुको लागि प्रश्नावली

उत्तरदाताको नाम : मिति :

उमेर : जिल्ला :

लिङ्ग : न.पा :

वैवाहिक स्थिति : वडा नं. :

शिक्षा : नगर/टोल :

पेशा : धर्म :

१. पारिवारिक विवरण दिनुहोस् ।

| क.सं. | नाम | मुख्य सूचनादाता सँग सम्बन्ध | उमेर | शिक्षा | पेशाा | धर्म | वैवाहिक स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

२. तपाईको मुख्य आम्दानीको श्रोत के हो ?

क. नोकरी ख. कृषि ग. व्यापार घ. अन्य

३. कति घण्टा जति काम गर्नुहुन्छ ?

क. १-२ ख. ३-४ ग. ५-६ घ. ७-८

४. तपाईको छोराछोरी कति जना छन् ?

क. छोरा ...... ख. छोरी .... ग.जम्मा ....

५. तपाई छोरा र छोरी मध्ये कसलाई बढि माया गर्नु हुन्छ?

क. छोरा ख. छोरी

६. तपाईको विचारमा विवाह कति वर्षमा गर्नु ठिक हो ?

क. १५ वर्ष अगाडि ख. १५ देखि १८ वर्ष ग. १८ देदि २२ वर्ष

घ. २२ वर्ष पछि

७. तपाईको परिवारमा आर्थिक कारोबार कसले सञ्चालन गर्छ?

.................................................................................

८. तपाईको घरमा घर जग्गा कस्को नाममा छ ?

.................................................................................

९. तपाईलाई दाइजो प्रथा कस्तो लाग्छ ?

क. ठिक ख. बेठिक ग. थाहा छैन

१०. तपाईलाई परेको आर्थिक समस्या कसरी टार्नुहुन्छ?

क. सापटी लिएर ख. ऋण लिएर ग. जग्गा बेचेर

११. तपाईले ऋण कुन स्रोतबाट लिनुभएको छ ?

क. बैंक/सहकारी संस्थाबाट ख. साहु महाजनबाट

ग. अन्य कुनै स्रोतबाट

१२. घरको कुनै निर्णय प्रक्रियामा तपार्यको सहभागिता हुन्छ कि हुँदैन ?

क. हुन्छ ख. हुदैन ग. आंशिक रुपमा हुन्छ

१३. तपाई घरको काम बाहेक अन्य केहि काम गर्नुहुन्छ ,

क. गर्छु के काम .......... ख. गर्दिन किन ................

१४. तपाईलाई महिला सशक्तिकरण बारे के थाहा छ?

.................................................................................

१५. तपाईले हाल महिलाको अवस्था कस्तो देख्नुभएको छ ?

.................................................................................

१६. महिला सशक्तिकरणले आर्थिक विकासमा कस्तो प्रभाव पार्ला ?

क. राम्रो प्रभाव पार्दछ ख. खराब प्रभाव पर्दछ

ग. पहिला जस्तै हुन्छ

१७. तपाई कुनै महिला समूह उपभोक्ता समूह, सहकारी ऋण तथा बचत समूह, सामुदायिक वन समूहको सदस्य हुनुहुन्छ?

क. छु ख. छैन्

१८. हालसम्म तपाईले सीपमूलक तालिम लिनु भएको छ?

क. छु ख. छैन

१९. महिला सशक्तिकरण सम्बन्धी सरकारले गरेको व्यवस्था बारेमा केहि थाहा छ?

क. थाहा छ ख. थाहा छैन ग. अलि -अलि थाहा छ

२०. तपाईको विचारमा महिला सशक्रिकरणमा सुधार गर्न के गर्नु पर्ला ?

..............................................................................

२१. तपाई परिवार नियोजन सम्बन्धी जानकारी छ?

क. छ ख. छैन

२२. तपाई विरामी हुँदा पहिला कहाँ जानुहुन्छ?

क. डाक्टरकोमा ख. वैधकोमा ग. अन्य

२३. तपाईलाई घरको काममा छोराछोरी कसले बढि सहयोग गर्दछन् ?

क. छोरा ख. छोरी ग. दुवैले घ. दुवैले गर्दैनन्

२४. तपाई भाषिक स्राव हुँदा छुट्टै बस्नुहुन्छ ?

क. बस्छु ख. बस्दीन

२५. तपाईको विचारमा महिलाले पनि पुरुष सरह सम्पूर्ण क्षेत्रमा समान अधिकार पाइराखेको छ जस्तो लाग्छ कि लाग्दैन ?

क. लाग्छ ख. लाग्दैन ग. थाहा छैन

२६. परिवार नियोजनका अस्थायी साधनको प्रयोग गर्नुभएको छ ?

क. छ ख. छैन

२७. तपाईलाई गर्भपतनको बारेमा थाहा छ ?

क. थाहा छ ख. थाहा छैन

२८. तपाईको विचारमा गर्भपतन गर्नु ठिक हो वा होइन ?

क. ठिक हो ख. ठिक होइन ग. थाहा छैन

२९. महिला र पुरुष बिचको भेदभाव अन्त्य गर्न तपाईको विचारमा के गर्नुपर्दछ ?

..........................................................................................................

३०. तपाईको विचारमा छोरीले पनि पढ्नु आवश्यक छ जस्तो लाग्छ या लाग्दैन ?

क. आवश्यक छ ख. आवश्यक छैन

३१. तपाईको विवाह कति वर्षमा भयो ?

..........................................................................................................

# अनुसूची - २ (**Appendix - II**)

## अवलोकन सूची

१. महिलाहरुको घरभित्रको सजावत

२. घरपरिवारको जग्गा जमिन

३. खानेपानी, शौचालय  र सरसफाइको अवस्था

# अनुसूची - ३ (**Appendix - III**)

## छलफल निर्देशिका

१. महिलाहरुको आम्दानीको स्रोतहरु

२. महिलाहरुको खर्चका क्षेत्रहरु

३. महिला सशक्तिकरणले सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान

४. महिलाहरुले भोगिरहेका समस्याहरु र समाधान गर्नुपर्ने उपायहरु

५. महिला सम्बन्धी कार्यक्रमहरुलाई प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरु